असोज - १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


वर्ष २४, अङ्क ११ | २०७२, असोज १–१५ | पूर्णाङ्क ५५७





प्रकाशक

**सर्वोच्च अदालत**

**रामशाहपथ, काठमाडौं**

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत | - सदस्य सचिव |

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उप.प्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

---

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | २ |
| विशेष इजलास | १ |
| संयुक्त इजलास | १६ |
| इजलास नं. १ | ५ |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | १२ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | २० |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | ५ |
| इजलास नं. ८ | २ |
| एकल इजलास | ३ |
| रीत / बेरीत आदेश | १ |
| जम्मा | ७७ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, असोज – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१-३** |
| १. | भ्रष्टाचार | नेपाल सरकार वि गोकर्ण पौडेल | |
| २. | अंश चलन | सुन्दरीकुमारी श्रेष्ठसमेत वि. राजकुमार श्रेष्ठसमेत | |
| **विशेष इजलास** | | | **३-४** |
| ३. | उत्प्रेषण | सुदर्शनबहादुर सिंह वि. नेपाल धितोपत्र बोर्डसमेत | |
| **संयुक्त इजलास** | | | **४-१०** |
| ४. | नक्कली प्रमाणपत्र | नेपाल सरकार वि. मनिता पौडेल | |
| ५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. झ्याम्पस भन्ने सुरज सुवाल | |
| ६. | उत्प्रेषण / परमादेश | कृष्णराज घिमिरे वि. पुनरावेदन अदालत, पोखरा | |
| ७. | अंश चलन | प्रियाणी शाहसमेत, वि. कमला राजभण्डारी शाह | |
| ८. | मान्छे किर्ते जालसाजी | जयन्ती शाह, वि. कमलाराज भण्डारीसमेत | |
| ९. | लुटपिट | जयन्ती शाह वि. खेरवार यादवसमेत | |
| १०. | निषेधाज्ञा, उत्प्रेषण, परमादेश | महेश्वर राय, वि. श्री माध्यमिक विद्यालय भेडियाही, फुलाहासमेत | |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार, वि. साङ्गे धोर्जे लामा | |
| १२. | जबर्जस्ती करणी | धर्मराज गिरी वि. नेपाल सरकार | |
| १३. | लागु औषध हेरोइन | जावेद इकवाल वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **१०-१३** |
| १४. | बन्दी प्रत्यक्षीकरण | तारा बोडे वि. महानगरीय प्रहरी वृत्त ठिमी, भक्तपुरसमेत | |
| १५. | उत्प्रेषण | कल्पनाकुमारी कर्ण वि. अशोककुमार कर्णसमेत | |
| १६. | जालसाजी | सीमा दमैसमेत वि. प्रेमबहादुर दमैसमेत | |
| १७. | उत्प्रेषण / परमादेश | अधिवक्ता श्रीकृष्ण सुवेदीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | |
| **इजलास नं. २** | | | **१३-१४** |
| १८. | लिखत दर्ता बदर दर्ता | रामपृत राउत धनिकार वि. संझादेवी तेलीन | |
| १९. | फैसला बदर | रामदेव दास तत्मा वि. सरोसतीदेवी तत्मिनी | |

| इजलास नं. ३ | | १४-१९ |
|---|---|---|
| २०. | दूषित दर्ता बदर गरी हक कायम गरी खिचोला मेटाइ दर्ता गरी पाऊँ | ठूलो हिमलाल भन्ने हिमलाल रानाभाटको मु.स. गर्ने श्रीमती लीला रानाभाट वि. खडानन्द रानाभाटसमेत |
| २१. | जग्गा खिचोला | कृष्णबहादुरको मु.स.गर्ने रामशरण खड्का वि. सीताराम ढुङ्गाना |
| २२. | कारवाही रोकी उपयुक्त आदेश जारी गरिपाउँ | श्यामराज अधिकारी वि. निरञ्जनप्रसाद भट्ट |
| २३. | जालसाजी | प्रिति वैश्य वि. मीरादेवी वैश्यसमेत |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चने भन्ने चन्द्रबहादुर सार्की |
| २५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चन्द्रबहादुर कुमाल |
| २६. | परमादेश | अधिवक्ता रामराज शिवाकोटी वि. राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय, पुल्चोक, ललितपुरसमेत |
| २७. | उत्प्रेषण / परमादेश | जगरनाथ साह कानूको वि. नागेश्वर साह कलवारसमेत |

| | | |
|---|---|---|
| २८. | उत्प्रेषण / परमादेश | कालीप्रसाद (शर्मा) सुवेदीसमेत वि. भिवोर विकास बैङ्क लिमिटेडसमेत |
| **इजलास नं. ४** | | **१९-२१** |
| २९. | उत्प्रेषण / परमादेश | निमबहादुर रेउले वि. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जसमेत |
| ३०. | कर्तव्य ज्यान | राजु गुरूङ वि. नेपाल सरकार |
| ३१. | निषेधाज्ञा | तिलकबहादुर कामी वि. रामएकवाल राउत कुर्मीसमेत |
| ३२. | केही सार्वजनिक अपराध | नेपाल सरकार वि. प्रनिस राई |
| **इजलास नं. ५** | | **२२-२९** |
| ३३. | जालसाजी | गणेश महतो तत्वासमेत वि. प्रल्हाद महतो घानुक |
| ३४. | नामसारी दा.खा. | नारदमुनि लिम्बू वि. पूर्णवती लिम्बूसमेत |
| ३५. | भ्रष्टाचार | नेपाल सरकार वि. देवीप्रसाद भण्डारीसमेत |
| ३६. | उत्प्रेषण / परमादेश | बलराम यादव वि. मालपोत कार्यालय, सप्तरीसमेत |
| ३७. | उत्प्रेषण | रघुविर ब्याञ्जु श्रेष्ठ वि. डिभिजन सडक कार्यालय, चरिकोटसमेत |

| | | |
|---|---|---|
| ३८. | उत्प्रेषण / परमादेश | देवचन्द्र शाह वि. हिमाल सिमेन्ट कम्पनी लिमिटेड, चोभार काठमाडौं हाल नेपाल औद्योगिक विकास निगम भवन, दरबारमार्ग, काठमाडौं नेपालसमेत |
| ३९. | उत्प्रेषण / परमादेश | सीताराम दहाल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत |
| ४०. | उत्प्रेषण / परमादेश | मीरा चौधरीसमेत वि. कमला चौधरीसमेत |
| ४१. | उत्प्रेषण / परमादेश | मोहन प्रकाश चन्द वि. नेपाल खाद्य संस्थान प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौंसमेत |
| ४२. | उत्प्रेषण / परमादेश | दिपेन्द्र पुर्वे सुडी वि. प्रेमचन्द्र बाजपेयीसमेत |
| ४३. | उत्प्रेषण / परमादेश | सूर्यबहादुर पाण्डे वि. काठमाडौं उपत्यका खानेपानी बोर्ड, बुद्धनगर काठमाडौंसमेत |
| ४४. | अंश दर्ता | गंगोत्रीदेवी ब्राह्मणसमेत वि. प्रियङ्कादेवी मिश्रसमेत |
| ४५. | उत्प्रेषण / परमादेश | अधिवक्ता मनोहर साह वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत |
| ४६. | जालसाजी | देवनारायण यादवसमेत वि. रामपुकार यादव |

| | | |
|---|---|---|
| **इजलास नं. ६** | | **२९-३२** |
| ४७. | जबर्जस्ती करणी | दीपक चन्दसमेत वि. नेपाल सरकार |
| ४८. | उत्प्रेषण / परमादेश | छिरङ तामाङ वि. विरे तामाङसमेत |
| ४९. | उत्प्रेषण / परमादेश | अणनाथ बराल वि. वन तथा भू संरक्षण मन्त्रालयसमेत |
| **इजलास नं. ७** | | **३२-३४** |
| ५१. | निषेधाज्ञा | अष्टमान महर्जन वि. तारादेवी बज्राचार्य शाक्यसमेत |
| ५२. | अदालतको अपहेलना | अजित कुँवर वि. महानगरीय ट्राफिक प्रहरी परिसर, बग्गीखाना काठमाडौंसमेत |
| ५३. | निषेधाज्ञा | अङ्किता लामिछाने वि. प्रदिप दहालसमेत |
| ५४. | निषेधाज्ञा | मुजफर अहमद लारी वि. आन्तरिक राजस्व कार्यालय, कञ्चनपुर महेन्द्रनगर |
| ५५. | अदालतको अपहेलना | अजित कुँवर वि. साबिक उपत्यका ट्राफिक प्रहरी कार्यालय हाल महानगरीय ट्राफिक प्रहरी महाशाखा, सिंहदरबार काठमाडौंसमेत |
| **इजलास नं.८** | | **३४-३५** |
| ५६. | जबर्जस्ती करणी | संजित राजवंशी, वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ५७. | डाँका | नेपाल सरकार, वि. राज भन्ने गीतराज पाख्रिनसमेत |
| **एकल इजलास** | | **३५-३६** |
| ५८. | उत्प्रेषण / परमादेश | अजयकुमार यादवसमेत, वि. पुनरावेदन अदालत जनकपुरसमेत |
| ५९. | परमादेश | अशोककुमार साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ६०. | उत्प्रेषण / परमादेश | तेजनारायण सिंह राजपुत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| **रीत / बेरीत आदेश** | | **३६** |
| ६१. | भ्रष्टाचार | मोहनबहादुर रसाइली वि. नेपाल सरकार |

## पूर्ण इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CF-०००१, भ्रष्टाचार, *नेपाल सरकार वि गोकर्ण पौडेल*

अनुसन्धान अधिकृत नियुक्त गर्ने आयोगको नियमित प्रक्रिया हो, जुन भ्रष्टाचारको सम्बन्धमा कोही कसैउपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि आवश्यक प्रक्रिया अगाडि बढाउन अनिवार्य रूपमा तोक्नुपर्ने हुन्छ । तर आयोगमा उजुरी पर्नासाथ तत्काल सबै मुद्दामा विधिवत् अनुसन्धान प्रारम्भ भै हाल्ने पनि होइन । आयोगले आवश्यकताअनुसार गोप्य रूपमा प्रारम्भिक छानबिन गरी भ्रष्टाचार गरेको देखिएमा मात्र आयोगको निर्णयानुसार विस्तृत अनुसन्धान गर्ने गरिन्छ। यी सबै कार्य गर्न आयोगको तर्फबाट अनुसन्धान अधिकृत नतोकी काम अगाडि बढन नसक्ने।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २६ र २७ मा भएको कानूनी व्यवस्थाबाट पनि प्रारम्भिक छानबिन आयोगले गर्नसक्ने र त्यस्तो छानबिन गोप्य रूपमा हुने कुरालाई ऐनले आत्मसात गरेको देखिन्छ । प्रारम्भिक रूपमा गरिने सबै छानबिनको विस्तृत अनुसन्धान हुँदैनन् । प्रारम्भिक छानबिनको निष्कर्षबाटै कतिपय उजुरीहरूको टुङ्गो लाग्ने देखिन्छ। उजुरी वा जानकारी तथ्यमा आधारित छ भन्ने लागेमा मात्र आयोगबाट सम्बन्धित निकाय वा व्यक्तिलाई विधिवत् रूपमा प्रतिक्रिया वा स्पष्टीकरण मागिने हुन्छ । जब प्रतिक्रिया वा स्पष्टीकरणको लागि पत्राचार गरिन्छ वा निजको बैंक खाता एवम् अचल सम्पत्ति रोक्का राख्न आवश्यक देखिन्छ वा घर खानतलासी लिनेलगायतका काम गरिन्छ तब आयोगको काम कारवाही प्रारम्भिक रूपबाट धेरैअगाडि बढिसकेको मान्नुपर्ने हुन्छ। यी कार्यहरू आयोगसमक्ष प्राप्त उजुरी वा जानकारी तथ्यमा आधारित भएको अवस्था देखिएमा वा भ्रष्टाचार गरेको देखिएमा मात्र आयोगबाट थप अनुसन्धानको काम कारवाही अगाडि बढने हुँदा अनुसन्धान अधिकृतको अनुपस्थितिमा त्यस्तो काम कारवाही अगाडि बढ्ने कल्पना गर्न सकिँदैन। यदि अनुसन्धान अधिकृतको अनुपस्थितिमा आयोगबाट त्यस्तो कामहरू भएको छ भने पनि त्यस्तो काममाथि प्रश्नचिन्ह उठ्ने मात्र नभई त्यस्तो कामले वैधानिकतासमेत प्राप्त नगर्ने निश्चित हुने।

प्रस्तुत मुद्दामा यी प्रतिवादी गोकर्ण पौडेलउपर छानबिन हुन आवश्यक देखेपछि आयोगले लामो अनुसन्धानपछि मिति २०६०।४।९ मा घर खानतलासी गरेको कुरा मिसिल संलग्न बरामदी मुचुल्का एवम् पत्राचारहरूबाट देखिएको छ । घर खानतलासीसम्मको स्थितिमा पुग्नुपूर्व आयोगबाट प्रारम्भिक अनुसन्धान नै नभएको होला भनी परिकल्पना गर्न सकिँदैन। आयोगबाट विधिवत्‌रूपमा अनुसन्धान अधिकृतसहितको कर्मचारी टोली खटिई अनुसन्धान अधिकृतकै रोहबरमा तयार भएको खानतलासी एवम् बरामदी मुचुल्काबाट सो कुरा देखिएपछि त्यसलाई अन्यथा हो भनी मान्न सकिने स्थिति नै नरहने।

नयाँ ऐन लागू हुनुपूर्व भए गरेको कार्यलाई खारेज भएको अर्थात् प्रचलित कानूनले कसुरको परिभाषाभित्र समेटेको भएमा त्यस्तो कानूनको सीमाभित्र रही कारवाही प्रक्रिया अगाडि बढाउन मिल्ने हुन्छ। नयाँ कानूनले कसुरको रूपमा लिंदैमा यदि कसुर गर्दाको समयमा प्रचलित कानूनले अपराध मान्दैन भने स्वतः त्यसले उन्मुक्ति प्राप्त गर्दछ। किनकि संविधानतः तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी नहुने र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन भनी तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) र हालको अन्तरिम संविधान २०६३ धारा २४(४) ले समेत सो कुराको

प्रत्याभूत गरेको देखिने।

अनुसन्धान अधिकृत तोकिनु वा परिवर्तन हुनु भनेको एउटा स्वाभाविक प्रक्रिया हो । कुनै कर्मचारी सधैं सोही पदमा रहिरहन नसक्ने हुँदा उसको सरूवा तथा बढुवासँगै रिक्त भएको पदपूर्ति र अधुरो रहेको अनुसन्धान पूरा गर्न अर्को अनुसन्धान अधिकृत तोक्नुपर्ने हुन्छ। यस्तो अवस्थामा अघिल्लो अनुसन्धान अधिकृतबाट गरिएको काम कारवाहीले मान्यता नपाउने भन्न मिल्ने हुँदैन । यो नियमित र अनवरत चलिरहने प्रक्रिया भएको हुँदा त्यसकै आधारमा अनुसन्धान अधिकृतपिच्छे मुद्दा सुरूदेखि अनुसन्धान गर्ने भन्न मिल्ने पनि हुँदैन । यस्तो अवस्थामा स्वभावैले पहिलो अनुसन्धान अधिकृतबाट भए गरेको कामले पनि मुद्दामा त्यत्तिकै महत्त्व राख्ने।

अनुसन्धानसम्बन्धी काम कारवाहीहरू अनुसन्धान अधिकृतको उपस्थितिबिना कुनै पनि हालतमा सम्भव छैन र त्यस्तो कार्यले वैधता पनि प्राप्त गर्दैन । तसर्थ आयोगबाट भएका कार्यलाई आयोगले प्रारम्भिक अनुसन्धानको क्रममा गोप्य रूपमा गरेको काम कारवाहीको संज्ञा दिन मिल्ने नदेखिँदा मिति २०६०।४।९ मा भएको प्रतिवादीको घर खानतलासीलाई नै प्रस्तुत मुद्दाको विधिवत् अनुसन्धानको प्रारम्भ बिन्दु मान्नुपर्ने ।

प्रतिवादीले राष्ट्रसेवकको पदमा बहाल रहेको अवस्थामा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचारको कसुर गरेको भन्ने दाबी रहेको सन्दर्भमा जहिलेसुकै पनि मुद्दा चलाउन सकिने प्रकृतिको कसुर हो भन्न मिल्ने हुँदैन । प्रतिवादीउपर सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने अभियोग लागेको नभै गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचारको कसुर गरेको हुँदा हदम्याद नलाग्ने कसुर हो भन्न नमिल्ने।

कुनै पनि मुद्दाको अभियोग लगाउने पूर्वसर्त भनेको त्यसको अनुसन्धान गर्दा खडा भएका खानतलासी, बरामदी मुचल्का र वारदात कायम गर्न सहयोग पुर्‍याउने अन्य कागजातहरू नै हुन्। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यी प्रतिवादीको घर खानतलासी गर्ने कार्य विधिवत् रूपमा मिति २०६०।४।९ मा गरेको देखिन्छ भने अभियोग मिति २०६२।५।९ मा दर्ता गरिएको देखिन्छ। निजलाई सो अभियोग लगाउनुपूर्व आयोगमा उपस्थित हुन पत्राचार गरिएको र प्रतिवादी तथा निजको परिवारको नाममा विभिन्न बैंकमा रहेका बैंक खाताहरू रोक्का गर्ने कार्य पनि भएको देखिन्छ। लामो समयसम्म अनुसन्धानमा रहेका प्रतिवादीको घर खानतलासीदेखि मुद्दा दर्ता हुँदासम्म तीनजना अनुसन्धान अधिकृत तोकिए पनि पछिल्लो समयमा कुनै नयाँ प्रमाणहरू जुटाउने कार्य भए गरेको पनि देखिँदैन । अनुसन्धानबाट देखिएको तथ्यले नै मुद्दामा अभियोग लगाउने आधार हुने हुँदा मिति २०६०।४।९ मा भएको खानतलासीलाई प्रस्तुत मुद्दामा अभियोग लगाउने आधार सिर्जना भएको मान्नुपर्ने र सो मितिलाई नै मुद्दाको अनुसन्धानको प्रारम्भिक एवम् महत्त्वपूर्ण कार्य भएको मान्नुपर्ने।

माथि उल्लिखित आधार कारणबाट प्रस्तुत मुद्दामा अनुसन्धानको कार्य मिति २०६०।४।९ बाट नै प्रारम्भ भएको मान्नुपर्ने र सोही मितिबाट हदम्याद गणना हुने हुँदा सो मितिले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क ले तोकेको हदम्याद २ वर्षभित्र मुद्दा दायर गर्नुपर्ने कानूनी कर्तव्य भएको निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सो प्रक्रिया पूरा गर्न सकेको नदेखिँदा प्रस्तुत मुद्दा खारेज हुने हुँदा नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः ईश्वर पराजुली

इति संवत् २०७१ साल असोज ५ गते रोज १ शुभम्।

२

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CF-०००७, अंश चलन, *सुन्दरीकुमारी श्रेष्ठसमेत वि. राजकुमार श्रेष्ठसमेत*

मूल पुरुषको नामबाट सगोलमा रहेका अर्का कुनै भाइको नाममा नामसारी भएको देखिँदैमा नामसारी भई आएका जग्गा अंश लाग्ने जग्गा हो भनी न्यायिक धारणा बनाउन नमिल्ने।

वादीका बुबाहरू अंश लिई छुट्टी भिन्न भएको देखिने लिखत प्रमाण मिसिल सामेल रहेको नदेखिए तापनि वादीका बुवा केदारमान वि.सं. १९९६ सालदेखि र महेश्वरमान वि.सं. २०२० सालदेखि नै फरकफरक ठाउँमा बसोबास गरी अलगअलग व्यवहार गर्दै महेश्वरमान श्रेष्ठका छोराहरू मिति २०५३।१०।२८ मा र रामेश्वरमानका छोराहरू मिति २०६२।३।३० मा रीतपूर्वक बन्डा गरी भिन्न बसेको मिसिल संलग्न अंशबन्डा लिखतको प्रतिलिपिबाट देखिन्छ। उक्त बन्डापत्रमा बाजे अनकमानको नामको पुख्र्यौली सम्पत्ति बन्डा गर्न बाँकी छ भन्ने कहीँ कतै उल्लेख भएको देखिँदैन। यस्तो अवस्थामा केदारमान, महेश्वरमान समेतका दाजु भाइहरू बीच व्यवहार प्रमाणबाट पहिले नै अंशबन्डा भएको भन्ने प्रस्ट हुन आउने।

माथि विवेचित आधार, कारण र प्रतिपादित सिद्धान्तसमेतको आधारमा पुनरावेदन अदालत, धनकुटाले वादी दाबी पुग्ने ठहर्‍याई गरेको फैसला सदर गरेको यस अदालतको मिति २०६८।१२।१ को फैसला मिलेको नदेखिँदा उल्टी भई सुरू धनकुटा जिल्ला अदालतले वादी दाबी नपुग्ने ठहर्‍याई गरेको फैसला मिलेको देखिँदा सुरू धनकुटा जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७१ साल भदौ ५ गते रोज ५ शुभम्।

## विशेष इजलास

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री गिरीशचन्द्र लाल र माननीय न्यायाधीश श्री सुशीला कार्की,** ०६७-WS-००३२, उत्प्रेषण, *सुदर्शनबहादुर सिंह वि. नेपाल धितोपत्र बोर्डसमेत*

धितोपत्र बोर्ड र राष्ट्र बैंकले धितो बजारसँग सम्बन्धित विषयमा दिएको निर्देशन एवम् परिपत्र एक आपसमा बाझिए बोर्डले दिएको निर्देशन नै आधिकारिक मानिने र सो निर्देशन नै लागू हुने हुँदा धितोपत्रसम्बन्धी नियमन गर्ने अधिकार कानूनत: राष्ट्र बैंकको नभई नेपाल धितोपत्र बोर्डको रहने।

कम्पनीको सफलता कम्पनीको संस्थापक र सञ्चालनमा संलग्न व्यक्तिहरूमा भर पर्दछ अर्थात् संस्थापित कम्पनीमा पछि सम्मिलित हुन जाने संस्थापक सेयर बाहेकका अन्य सेयरवालाहरूले संस्थापक सेयरधनीको योग्यता क्षमता, प्रतिष्ठा, अनुभव आदि कुराहरूबाट कम्पनीको भविष्यको मूल्याङ्कन गरी लगानी गर्ने हुँदा सेयरवालाको हैसियतमा रहेको संस्थापक र साधारण सेयरधनीमा सिद्धान्नतः केही फरक नरहने।

कम्पनी/संस्थाको अधिकांश सञ्चालकको नियुक्ति संस्थापक सेयरधनीमध्येबाट हुने व्यवस्थाले संस्थापक सदस्य बढी विशेष जिम्मेवार बनाएको परिप्रेक्ष्यमा संस्थापक सेयरधनी र साधारण सेयरधनीलाई जिम्मेवारीको हिसाबमा समानस्तरका हुन् भनी मान्न नमिल्ने।

संस्थापक सेयरधनीको हकमा आफ्नो सेयर बिक्री गर्दा कानूनमा व्यवस्था भएबमोजिम बिक्री प्रक्रिया अवलम्बन गर्नुपर्ने भनी त्यसलाई व्यवस्थित गर्ने अधिकार धितोपत्र बोर्डलाई भएकामा कुनै सन्देह भएन। के कुन प्रक्रियाबाट व्यवस्थित गर्ने भर्ने कुरा धितोपत्रबोर्डले ऐन र नियमावलीमा भएको व्यवस्थाअनुसार निर्धारण गर्नसक्ने विषय भएको हुँदा सोबमोजिम आवश्यकताअनुसार परिपत्र गर्न वा निर्देशन दिनसक्ने।

साधारण सेयरको खरिदबिक्रीलाई नियमन गरेको नभई संस्थापक र अन्य समूहले लिएको सेयरको व्यवस्थापन र बिक्रीको पद्धतिलाई मात्र व्यवस्थित गरेको देखिँदा निवेदनले उठाएको सेयरसम्बन्धी विषय

सर्वसाधारणतर्फ परिणत भैसकेको सेयरसम्बन्धी विषय भएको र निजले माग गरेको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम १० र १२ र अनुसूची ७ र ८ का व्यवस्थाहरू नेपालको अन्तरिम संविधान, २०६३ को १२(३) (च), १३ र १९ तथा धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ५, ६३ र ११६ र कम्पनी ऐन, २०६३ को दफा ४२ सँग बाझिएको छ भनी मान्न मिल्ने अवस्था नहुँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल कात्तिक २७ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६७-CR-००५४, नक्कली प्रमाणपत्र, *नेपाल सरकार वि. मनिता पौडेल*

आयोगमा प्राप्त उजुरी वा जानकारीको सम्बन्धमा प्रारम्भिक अनुसन्धान गर्दा तथ्यमा आधारित छ भन्ने अवस्था देखिएमा मात्र आयोगबाट थप अनुसन्धानको काम कारवाही अगाडि बढने हुन्छ । त्यसको लागि विधिवत्रूपमा अनुसन्धान अधिकृत तोक्नेलगायतको काम गरिन्छ र निजको उपस्थितिमा मात्रै अन्य काम कारवाही अगाडि बढने हुन्छ। सोबमोजिम मिति २०६५।४।१२ मा आयोगबाट अनुसन्धान अधिकृत तोकिएको र त्यसपछि मात्र प्रस्तुत मुद्दामा विस्तृत अनुसन्धान प्रारम्भ भएको देखिन्छ। सो मितिले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क बमोजिम २ वर्षभित्र मुद्दा दायर गरिनुपर्ने हुन्छ तर अनुसन्धान अधिकृत तोकिएको मितिबाट २ वर्षभित्रै मिति २०६५।१०।२६ मा प्रस्तुत मुद्दा दायर भएको हुँदा हदम्याद नाघी आएको मान्न मिल्ने नदेखिने।

नक्कली प्रमाणपत्रसँग सम्बन्धित मुद्दामा त्यस्तो प्रमाणपत्र बनाउने कार्यदेखि नै कसुरको निरन्तरता रहिरहने हुँदा ऐनमा सीमित हदम्यादको व्यवस्था प्रभावकारी हुन सक्दैन। यही तथ्यसमेतलाई मनन् गरी भ्रष्टाचार निवारण ऐन, २०५९ मा खुल्ला हदम्याद राखिएको पाइन्छ । प्रतिवादीले प्रमाणपत्र पहिले नै तयार गरे पनि सोही प्रमाणपत्र पेस गरी स्टोरकिपर पदमा मिति २०६५।४।१४ मा नियुक्ति भई नोकरीमा प्रवेश गरेको अवस्थामा वादी नेपाल सरकारको तर्फबाट साबिक र हाल प्रचलित दुवै ऐनको दाबी लिएको सन्दर्भमा अदालतले आफूसमक्ष परेको मुद्दामा दाबी लिएको सम्बन्धित ऐनको हदम्यादभित्र फिराद वा अभियोगपत्र दायर भएको छ छैन भन्ने हेर्नुपर्दछ । अभियोगपत्र दायर गर्ने निकायको काम कारवाहीलाई व्यवस्थित गर्ने ऐनको हदम्याद सो निकायका लागि मात्र लागू हुने हुन्छ अदालतका लागि होइन। भ्रष्टाचार निवारण ऐन, २०५९ मा मुद्दा दायर गर्ने निश्चित हदम्याद नराखिएको कारण मुद्दा दायर गर्ने समयसीमा भ्रष्टाचार निवारण ऐन, २०१७ ले तोकेको हदम्यादभित्र छ वा छैन भन्ने कुरा मात्र अदालतले विचार गर्नुपर्ने हुन्छ। त्यसो हुनाले प्रस्तुत अभियोगपत्र उक्त ऐनको दफा २४क बमोजिम २ वर्षभित्र नै हुँदा अन्यथा विचार गर्न निमल्ने।

शैक्षिक योग्यताको प्रमाणपत्र नै नक्कली भएकाले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेकाले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेकामा सोही ऐनको हदम्यादभित्र अभियोग दाबी छ, छैन भन्ने आधारमा निर्णय गर्नुपर्नेमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) बमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता भएको मितिले ५ वर्षभित्र मुद्दा

विशेष अदालतमा दायर भएको नदेखिँदा अभियोगपत्र खारेज हुने ठहर गरेको विशेष अदालत काठमाडौंको मिति २०६६।१२।६ को फैसला त्रुटिपूर्ण हुँदा बदर हुने।

इजलास अधिकृत : ईश्वर पराजुली
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०७१ साल जेठ ६ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०२३९, *०७१-CR-००३८,* कर्तव्य ज्यान, *नेपाल सरकार वि. झ्याम्पस भन्ने सुरज सुवाल, नेपाल सरकार वि. विजय खड्कासमेत*

प्रतिवादी सुरज सुवालले मृतक सुरेश भन्ने सुरेन्द्र थापालाई कुटपिट गरी मारेको भन्ने कुराको तथ्ययुक्त प्रमाणहरूबाट पुष्टि नभए पनि निज प्रतिवादी झ्याम्पस भन्ने सुरज सुवालले मृतक सुरेश भन्ने सुरेन्द्र थापाको ज्यान मार्न प्रतिवादीहरू विजय खड्का र दिलेन गुरूङलाई छुरा उपलब्ध गराउनुका साथै मृतकमाथि छुरा प्रहार गर्दा आफू घटनास्थलमा मौजुद रहेको भन्ने कुरा निजले समेत स्वीकार गरेको एवम् प्रतिवादी विजय खड्का र दिलेन गुरूङले समेत प्रतिवादी सुरज सुवाल घटनास्थलमा रहेको तर निजले मृतकउपर प्रहार नगरेको भनी बयान गरेको देखिदा प्रतिवादी सुरज सुवाल घटनास्थलमा मौजुद रहेर ज्यानमार्ने सल्लाहमा पसेको तर मार्ने ठाउँमा गई केही नगरी हेरी रहने मतलबी देखिँदा निज प्रतिवादी सुरज सुवालले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. मा परिभाषित कसुर गरेको देखिँदा निज प्रतिवादी झ्याम्पस भन्ने सुरज सुवाललाई सोही १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने।

प्रतिवादीहरूमध्ये विजय खड्का र दिलेन गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) अनुसार सर्वश्वसहित जन्मकैद हुने ठहर्याई सुरू भक्तपुर जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको देखिँदा साधक सदर हुने।

प्रतिवादी झ्याम्पस भन्ने सुरज सुवाललाई ऐ. १७(३) बमोजिम ३ वर्ष कैद हुने ठहर्याई सुरू भक्तपुर जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१०।१७ को फैसला मिलेको देखिँदा सदर हुने।

प्रतिवादीहरूले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीका साथै अदालतमा न्याय सम्पादनको क्रममा समेत सघाउ पुर्याएको, अपराध हुँदाको घटना र परिस्थिति समेतलाई विचार गरी सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को सजाय हुने हुँदा प्रतिवादी विजय खड्का र ब्रस भन्ने दिलेन गुरूङलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. अनुसार १५ वर्ष कैद मात्र गर्ने गरेको पुनरावेदन अदालत, पाटनको राय मनासिब देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम प्रतिवादी विजय खड्का र ब्रस भन्ने दिलेन गुरूङलाई १५ वर्ष कैद मात्र हुने।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७१ साल माघ १२ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-०१८०, उत्प्रेषण/परमादेश, *कृष्णराज घिमिरे वि. पुनरावेदन अदालत, पोखरा*

निवेदक कृष्णराज घिमिरेको नाउँमा २०६४।८।२६ मा पुनरावेदन म्याद रितपूर्वक तामेल भएको देखिएको र सो म्यादभित्र पुनरावेदन नपरी फैसला अन्तिम रहेको अवस्थामा फैसला कार्यान्वयनको सिलसिलामा पक्राउ परेपश्चात् पुनरावेदनको म्याद बदर गरी पुनः म्याद जारी गरिपाउँ भनी दिएको निवेदन पुनरावेदन अदालत, पोखरा तथा सर्वोच्च अदालतबाट दर्ता नगरी दरपीठ गरेको र सो आदेश तहतह सदर भई

अन्तिम भइरहेको देखिँदा त्यस्तो आदेशहरूमा कुनै कानूनी त्रुटि नहुँदा बदर गरिरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल चैत १३ गते रोज ६ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** *०६५-CI-०३२२, अंश चलन, प्रियाणी शाहसमेत, वि. कमला राजभण्डारी शाह*

राजुबहादुर शाहको मिति २०६४।१०।१५ मा मृत्यु भएकाले निजको तर्फबाट मुद्दा सकार गराइपाउँ भनी प्रियाणी शाह र कमला राजभण्डारीको पुनरावेदन अदालतमा निवेदन परेकामा पुनरावेदन अदालतका रजिस्ट्रारबाट दुवैको तर्फबाट मुद्दा सकार गराइदिएको देखिन्छ । तत्पश्चात् प्रियाणी शाहको तर्फबाट मुद्दा सकार गराइदिएको कार्य त्रुटिपूर्ण हुँदा सो बदर गरिपाउँ भनी कमला राजभण्डारीको तर्फबाट रजिस्ट्रारको आदेशउपर निवेदन परेकामा पुनरावेदन अदालतबाट मिति २०६४।११।२६ मा प्रियाणी शाहलाई मुद्दा सकार गराइदिने गरी भएको आदेश बदर गरेकामा सो आदेशउपर प्रियाणी शाहको यस अदालतमा निवेदन परेकामा यस अदालतबाट मिति २०६५।१।२२ मा पुनरावेदन अदालतको आदेश सदर भई सो आदेश अन्तिम भएर रहेको अवस्था हुँदा निज कमला राजभण्डारीको तर्फबाट मुद्दा सकार गराएको कार्यलाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादी स्व. राजुबहादुर शाहको मुद्दा सकार गर्ने सिलसिलामा कमला राजभण्डारीले आफू निजको पत्नी भनी विभिन्न प्रमाण देखाई दाबी गरेको देखिएको र सोही आधारमा प्रतिवादी स्व. राजुबहादुरको मुद्दा सकार गराउने कार्य सदर कायम राखिएको देखिन्छ। सकारको प्रश्नमा यस अदालतबाट समेत सदर कायम राखी अन्तिम भैरहेको देखिएकाले यो प्रश्न अब बाँकी देखिएन। प्रतिवादी राजुबहादुरको मुद्दा सकार गराउने क्रममा नै कमलादेवी राजभण्डारी मृतक राजुबहादुरको पत्नीको हैसियतसम्बन्धमा दुवै पक्षबीच विवाद भएको भए पनि सकारको सिलसिलामा बाहेक कमलादेवीको छुट्टै अंश मुद्दाको दाबी परेको अवस्था नरहेको र अदालतबाट पनि छुट्टै प्रतिवादी वा अंसियार कायम गरी कुनै कारवाही गरेको अवस्था देखिन नआउने।

अंश मुद्दामा वादी दाबीको कुरामा निर्णय हुने र प्रतिवादी राजुबहादुरको अंश भागको विषयमा निज परलोक भै परलोक भएका निज राजुबहादुरको हकमा कमला राजभण्डारीले मुद्दा सकार गरेको अवस्था देखिँदा मुद्दा सकारको नाताले प्राप्त गर्ने हकको सम्बन्धमा कानूनबमोजिम हुने नै हुँदा र कमला राजभण्डारीको मुलुकी ऐन, अदालती बन्दोबस्तको ८० नं. बमोजिम बयान नभै निजको अंश सम्बन्धमा छुट्टै दाबीसमेत नभएकाले वादी दाबीबमोजिम ३ खण्डको २ खण्ड अंश वादीहरूले प्रतिवादीबाट पाउने भनी सोमा सीमित रही बोलेको पुनरावेदन अदालतको इन्साफ अन्यथा देखिन नआउने।

उपर्युक्त उल्लिखित विवेचित आधारसमेतबाट वादी दाबीबमोजिम ३ खण्डको २ खण्ड अंश वादीहरूले प्रतिवादीबाट पाउने ठहर्‍याई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गरेको हदसम्म पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।७।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल चैत २ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६७-WO-०२२६, उत्प्रेषण / परमादेश, *सुरेश वर्तौला, वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत*
- ०६५-CI-०६९५, लिखत दर्ता बदर,

*तिलकराज कँडेल, वि. प्रियाणी शाहसमेत*

- ०६५-CI-०८९८, लिखत दर्ता बदर, *कमला राजभण्डारी शाह, वि. प्रयाणी शाहसमेत*
- ०६६-CR-०५७४, जालसाजी, *तिलकराज कँडेल, वि. प्रियाणी शाहसमेत*
- ०६६-CR-०५७५, जालसाजी, तिलकराज कँडेल, वि. *प्रियाणी शाहसमेत*
- ०६६-CR-०५७६, जालसाजी, *प्रियाणी शाहसमेत, वि. कमला राजभण्डारी शाहसमेत*

५

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,**०६९-CR-१०४८, मान्छे किर्ते जालसाजी, जयन्ती शाह, वि. कमलाराज भण्डारीसमेत

प्रतिवादी कमला राजभण्डारीले लौकही गा.वि.स. को कार्यालय सुनसरीबाट पतिपत्नी बीचको नाता प्रमाणित गरेको प्रमाणपत्र, जिल्ला प्रशासन कार्यालय सुनसरीबाट कमला राजभण्डारीको नेपाली नागरिकताको प्रमाणपत्रमा पतिको नाम थर वतनमा राजुबहादुर शाह थप भएको कार्यहरू सम्बन्धित निकायहरूले आ-आफ्नो कार्यक्षेत्रको रोहमा गरेका कार्यहरू हुन् । ती कार्यहरू तत्तत् निकायले तत् तत् निवेदनको रोहमा गरिदिएका प्रमाणीकरण हुन् भनी मान्नुपर्ने हुन्छ । अंश, अपुताली नाता जस्ता विषयमा नै विवाद भए तत्तत् विषयमा नै दाबी गरी पुष्टि वा खण्डित गराउन सक्नुपर्ने हुन्छ । अन्यथा प्रमाणित नभएसम्म नियमित रूपमा राखिने अभिलेख वा प्रमाणीकरणको प्रश्नलाई परोक्ष रूपमा उठाउन सकिने हुँदैन । पुनरावेदकले प्रश्न उठाएका कुराहरू उपर्युक्त उल्लिखित प्रक्रिया पूरा गरी मुद्दा चलाएको भन्ने नदेखिएको र किर्ते जालसाजीपूर्वक सम्बन्धित निकायले प्रमाणीकरण वा लेखबद्ध गरी दिएको भन्न प्रस्तुत मुद्दाको रोहबाट सकिने अवस्था नदेखिएकाले प्रस्तुत किर्ते जालसाजी मुद्दामा पुनरावेदन अदालत विराटनगरबाट मिति २०६९।५।१३ मा वादी दाबी नपुग्ने ठहराई सुरू तहबाट भएको फैसलालाई सदर गरी भएको फैसला मुनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कमलप्रसाद ज्ञवाली
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल चैत २ गते रोज २ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-१०४९, लुटपिट, जयन्ती शाह वि. खेरवार यादवसमेत

प्रस्तुत लुटपिट मुद्दामा प्रतिवादीउपरको आरोप पुष्टि गर्नुपर्ने दायित्व वादीमा भएकामा वादीले आफ्नो प्रमाणको रूपमा एकजना साक्षीसम्म उपस्थित गराए पनि वादीले फिरादमा उल्लेख गरेका देखी जान्ने साक्षीमध्येका उधिर मण्डल, इसर सदासमेतले लुटपिट नभएको, प्रतिवादीमध्येका कमला राजभण्डारीको राजुबहादुरसँग २०५८ सालमा विवाह भएपश्चात् कमला राजभण्डारीसँगै घरमा बस्दै आएको भनी निवेदन दिएकाले वादी दाबी पुष्टि हुन सकेको देखिएन । लुटपिट जस्तो फौजदारी मुद्दामा स्पष्ट आधार प्रमाणबिना वादी दाबीबमोजिम बिगो भराई सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तसमेतको प्रतिकूल हुन जाने हुँदा प्रस्तुत मुद्दामा वादी दाबी नपुग्नेसमेत ठहराई भएको सुनसरी जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।५।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल चैत २ गते रोज २ शुभम् ।

७

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६९-CI-१२३५, निषेधाज्ञा / उत्प्रेषण / परमादेश, *महेश्वर राय, वि. श्री माध्यमिक विद्यालय भेडियाही, फुलाहासमेत*

विपक्षी तेजनारायण कापडीले संजयकुमार ठाकुर, महालक्ष्मी साह, रामभरोस यादव र

रामकैलास यादवलाई मिति २०६८।११।२३ मा नियुक्तिपत्र दिएको भन्ने निवेदन दाबी रहेको देखिन्छ । तर संजयकुमार ठाकुरलाई विद्यालय व्यवस्थापन समितिको मिति २०६७।३।१६ को निर्णयानुसार प्राथमिक विद्यालय शिक्षक पदमा नियुक्ति दिएको देखिन्छ । तत्पश्चात् विद्यालय व्यवस्थापन समितिकै मिति २०६८।११।१ को निर्णयानुसार निजको सो नियुक्तिलाई आ.व. ०६८/६९ सम्मका लागि निरन्तरता दिएकोसम्म देखिन्छ । यसरी निज संजयकुमार ठाकुरलाई विद्यालय व्यवस्थापन समितिको मिति २०६७।३।१६ को निर्णयानुसार प्राथमिक शिक्षक पदमा नियुक्ति दिई मिति २०६८।११।१ को निर्णयानुसार आ.व.०६८/०६९ का लागि निरन्तरता दिइएको स्थितिमा निजलाई मिति २०६८।११।२३ मा शिक्षक पदमा नियुक्ति गरेको भनी दाबी गरेको प्रस्तुत निवेदनका आधारमा निज संजयकुमार यादवको नियुक्ति उत्प्रेषणको आदेशद्वारा बदर गर्न मिल्ने नदेखिने।

लेखापाल पदमा नियुक्त भएका महालक्ष्मी साह, सहलेखापाल रामभरोस यादव र सहायक कर्मचारी (परिचर) राम कैलास यादवको नियुक्तिसम्बन्धमा हेर्दा निजहरूलाई विद्यालय व्यवस्थापन समितिको मिति २०६८।११।२३ को निर्णयानुसार नियुक्त गरिएकामा मिति २०६९।४।२९ को विद्यालय व्यवस्थापन समितिकै निर्णयानुसार सो नियुक्ति बदर भइसकेको देखिन्छ । यसरी निवेदकले जुन निर्णय बदर गरिपाउँ भनी प्रस्तुत निवेदन दिएको छ, सो निर्णय सम्बन्धित निकायबाट बदर भइसकेको स्थितिमा प्रस्तुत निवेदनको रोहबाट उक्त निर्णय बदर गर्नुको कुनै औचित्य र प्रयोजन नदेखिने।

विपक्षीहरूले गैरकानूनीरूपले नियुक्त शिक्षक र कर्मचारीहरूलाई तलब भत्ता भुक्तानी गरेमा निवेदकले सम्बन्धित निकायमा उजुरी दिन सक्ने र त्यस्तो उजुरीमाथि छानबिन गरी आवश्यक कारवाही हुनसक्ने नै हुन्छ । प्रस्तुत विषयबाट निवेदकको हक हितमा प्रत्यक्ष असर परेको पनि देखिँदैन । यसरी निवेदकको मागको सम्बन्धमा सम्बोधन गर्ने कानूनी विकल्पहरू सुचारू रहेको अवस्थामा आफ्नो हक हितमा प्रत्यक्ष असर नपरेको व्यक्तिले दिएको निवेदनको आधारमा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने हुँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।९।३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम्।

८

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६९-RC-००७९, कर्तव्य ज्यान, नेपाल सरकार, वि. साङ्गे धोर्जे लामा

आफ्नी श्रीमतीमाथि कुदृष्टि राखेको रिसइवीले मृतकलाई चिरपट दाउरा र मुड्कीसमेतले हानी कर्तव्य गरी मारी निजको लास दूधखोलामा लगी बगाइदिएको तथ्यलाई प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा समेत स्वीकार गरेका छन् । प्रमाण ऐन, २०३१ को दफा ९(१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था रहेको छ । प्रतिवादीले आरोपित कसुरमा साबित भई अनुसन्धान अधिकारी र अदालतमा समेत बयान गरेको देखिँदा निजको उक्त बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम निज प्रतिवादीका विरूद्ध प्रमाणमा लिन मिल्ने हुन आउँछ । यसरी प्रतिवादी स्वयम्ले अदालतमा समेत गरेको बयानबाट निजले मृतकलाई चिरपट दाउरा तथा मुड्कीसमेतले प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि हुन आउने।

मृतकले प्रतिवादीकी श्रीमतीमाथि कुदृष्टि राखेको रिसइवी प्रतिवादीले पहिलेदेखि नै लिइरहेकामा वारदातको दिन आफ्नी श्रीमती र छोरीसहित सुतिरहेको कोठाको चियो गरेको रिसले

मृतकलाई दाउराको चिरपटसमेतले प्रहार गरी मारी लास दबाउनका लागि दूध खोलामा बगाएको देखिएको र निजको सो कार्य ज्यानसम्बन्धी महलको १३ नं. बमोजिमको कसुर देखिन आएको हुँदा मनाङ जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी साङ्गे धोर्जे लामालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६८।१२।१३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन ८ गते रोज ६ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०२७६, ०६८-CR-०३३९, जबरजस्ती करणी, धर्मराज गिरी वि. नेपाल सरकार, नेपाल सरकार वि. पदमसिँ ठकुरासमेत

प्रस्तुत मुद्दाको वारदातका प्रत्यक्षदर्शी "ग" कुमारको उमेर १३ वर्षको भए पनि निजले अनुसन्धान अधिकारीसमक्ष कागज गर्दा र अदालतमा बकपत्र गर्दासमेत आफूलाई सोधिएको प्रश्नका सन्दर्भमा घटनाको सम्पूर्ण व्यहोरा खोली बकपत्र गरेको देखिँदा निज नाबालिग भएका कारणले निजले व्यक्त गरेको भनाइलाई प्रमाणमा लिन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू नरीनाथ र पदमसिं ठकुराठी दुवैजना अनुसन्धान अधिकारी र अदालतमा समेत आरोपित कसुरमा इन्कार रहेका छन्। तर दुवैजनाले वारदातका दिन प्रतिवादी धर्मनाथ गिरीसँग बसी रक्सी र नास्ता खाएको तथ्यलाई सम्म स्वीकार गरेका छन्। दुवैजना प्रतिवादीहरू वारदात स्थलबाट पक्राउ परेको अवस्था पनि देखिँदैन। प्रत्यक्षदर्शी "ग" कुमारले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत बयान गर्दा प्रतिवादी धर्मनाथ गिरी र यी प्रतिवादीहरू बाटोमा सँगै हिँडेका र पीडितको शरीरमा हात हालेका भन्ने व्यहोरासम्म उल्लेख गरी प्रतिवादी धर्मराज गिरीले मात्र जबर्जस्ती करणी गरेको देखेको हो भनी अनुसन्धान अधिकारीसमक्ष कागज गरी अदालतमा बकपत्रसमेत गरेका छन्। जाहेरवालाले पनि यी प्रतिवादीले पीडितलाई जबर्जस्ती करणी गरेको कुरा पीडितबाट सुनेको भनी बकपत्र गरी दिएकी छन्। प्रमाण ऐन, २०३१ को दफा ३७(२) बमोजिम प्रत्यक्ष देख्ने, सुन्ने वा थाहा पाउने व्यक्तिले व्यक्त गरेको भनाइलाई प्रमाणमा लिन हुने व्यवस्था गरेको हुँदा जाहेरवाला तथा प्रत्यक्षदर्शीसमेतले प्रत्यक्ष नदेखेको तथ्यलाई प्रमाणमा लिन मिल्ने अवस्था नदेखिने।

पुनरावेदन अदालत, दिपायलले बाजुरा जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी धर्मराज गिरीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(४) र ३क बमोजिम १० वर्ष कैद हुने र पीडितलाई निज प्रतिवादीबाट रू. ३,००,०००।- क्षतिपूर्ति भराइदिने तथा प्रतिवादी नरीनाथ र पदमसिं ठकुराठीलाई सोही महलको ४ नं. बमोजिम जनही ३ वर्ष कैद सजाय हुने ठहर्‍याई मिति २०६७।१०।११ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी धर्मराज गिरी र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल फागुन ६ गते रोज ४ शुभम्।

१०

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०१५८, ०६९-CR-०२८३, ०६९-CR-०३१५, लागु औषध हेरोइन, *जावेद इकवाल वि. नेपाल सरकार, मोहम्मद फैज वि. नेपाल सरकार, सज्जाद अहमद वि. नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम सजायबाट रिहाइ पाउने कुराको जिकिर प्रतिवादीले

लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको हुने व्यवस्था रहेको परिप्रेक्ष्यमा कानूनबमोजिम तयार भएको सो बरामदी मुचुल्कामा उल्लिखित व्यहोरा झुट्ठा हो भनी दाबी गर्ने प्रतिवादीले नै सो कुराको प्रमाण पुर्‍याउनु पर्ने हुन्छ । तर प्रतिवादीहरूबाट त्यस्तो कुनै ठोस र विश्वसनीय प्रमाण पेस गरी बरामदी मुचुल्कामा उल्लिखित व्यहोरालाई खण्डन गर्न सकेको नदेखिँदा बरामदी मुचुल्कामा उल्लिखित व्यहोरा झुट्ठा हो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी जावेद इकवाल र सज्जाद अहमदको साथबाट लागु औषध बरामद भएको देखिएको र निजहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा सो बरामद भएको लागु औषध पाकिस्तानबाट मोहम्मद फैजलाई दिन ल्याएको भनी बयान गरेको स्थितिमा निजहरूले अदालतमा गरेको इन्कारी बयानका आधारमा मात्र निजहरूलाई निर्दोष मान्न नमिल्ने ।

प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान मात्रका आधारमा निजलाई निर्दोष मान्न मिल्दैन । निजको इन्कारी बयानलाई समर्थन गर्ने अन्य ठोस र विश्वसनीय प्रमाणसमेत पेस हुनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादी मोहम्मद फैज अनुसन्धान अधिकारीसमक्ष आरोपित कसुरमा साबित भई बयान गर्नुका साथै निजलाई सहप्रतिवादी जावेद इकवाल र सज्जाद अहमदले पोल गरी सनाखतसमेत गरिदिएको देखिन आएकाले निजको पुनरावेदन जिकिरसँग पनि सहमत हुन नसकिने हुँदा प्रतिवादीहरू जावेद इकवाल, मोहम्मद फैज र सज्जाद इकवालले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ)(च) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजहरू तीनै जना प्रतिवादीहरूलाई सोही ऐनको दफा १४(१)(छ)(३) बमोजिम जनही १५ वर्ष १ महिना कैद र जनही रू. ५,००,०००।- जरिवाना हुने भनी काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१०।२४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : किशोर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन ६ गते रोज ४ शुभम् ।

**इजलास नं. १**

**१**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WH-०००५, बन्दीप्रत्यक्षीकरण, *तारा बोडे वि. महानगरीय प्रहरी वृत्त ठिमी, भक्तपुरसमेत*

रिट निवेदक राजेशनाथ कर्माचार्य पक्राउ परी कानूनबमोजिम मुद्दा हेर्ने अधिकारीबाट अनुसन्धानको लागि म्याद थप भई थुनामा रहेकामा निजउपर अनुसन्धान र तहकिकातको कार्य सम्पन्न भई अदालतमा मुद्दासमेत दर्ता भई अदालतको आदेशबाट पुर्पक्षको लागि थुनामा रहेको देखिँदा सो आदेशका सम्बन्धमा उपचारको साधारण उपाय निवेदकलाई उपलब्ध रहेको र यस्तो आदेशका सम्बन्धमा निवेदन मागअनुसार संविधानको धारा १०७(२) बमोजिम असाधारण अधिकारक्षेत्र आकर्षित हुन सक्ने नदेखिने ।

उपचार खोज्नेले उपयुक्त उपचारको मार्ग अवलम्बन गर्नुपर्ने हुन्छ । नियमित कानूनी उपचार नै उपयुक्त र पर्याप्त हुने अवस्थामा असाधारण उपचारको मार्ग अवलम्बन गर्नु मनासिब नहुने ।

तल्लो अदालतमा विचाराधीन रहेको ज्यान मुद्दाको कारवाहीलाई प्रभावित गर्ने गरी रिट क्षेत्राधिकारको प्रयोग गरी अदालतबाट आदेश जारी गर्न नमिल्ने ।

निवेदकले गैरकानूनी भनी दाबी लिएको थुना अदालतको आदेशबाट पटकपटक म्याद थप भई न्यायिक थुनामा परिणत भैसकेकामा सो थुना गैरकानूनी भएको भनी रिट निवेदनमा चुनौती दिएको

नदेखिँदा सो अदालती थुनाको रीत बेरीतलाई विचार गरिरहनु पर्ने देखिँदैन । प्रहरी हिरासतको स्थिति अदालतको आदेशबाट परिवर्तन भई निज हाल न्यायिक हिरासतअन्तर्गतको थुनामा रहेकामा अदालतको उक्त आदेश कानूनविपरीत भएमा साधारण र नियमित उपचारअन्तर्गत मुलुकी ऐन, अ.बं. को १७ नं. बमोजिमको उपचारको मार्ग अवलम्बन गर्नसक्ने स्पष्ट कानूनी व्यवस्था छँदाछँदै नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम असाधारण अधिकारक्षेत्रको प्रयोग गरी रिट निवेदनको सहारा लिई उपचार माग गर्ने कार्य उचित र मनासिब नहुने ।

रिट निवेदकले रिट निवेदनमा के कुन कारणबाट साधारण उपचारको व्यवस्था प्रभावकारी नभएको भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरी असाधारण अधिकारक्षेत्र अन्तर्गत उपचारको माग गर्न सकेको समेत नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्थाको विद्यमानता रहेको नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल भदौ २५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६६-WO-०२९३, उत्प्रेषण, *कल्पनाकुमारी कर्ण वि. अशोककुमार कर्णसमेत*

स्वास्नी छोराहरू सँगसँगै रहेको अवस्थामा घरको मुख्यको हैसियतले गरेको व्यवहारप्रति निजको प्रथम जिम्मेवारी हुने भए पनि त्यस्तो व्यवहारमा ऋण खाँदासँगै बस्नेले जिम्मेवारी लिनै नपर्ने भन्ने हुँदैन । एकासगोलको परिवारमा लिएको ऋण पनि सगोलकै सम्पत्तिबाट तिर्नपर्ने कुरामा विवाद हुन नसक्ने ।

रिट निवेदक र विपक्षी अशोककुमार शर्मा भई मिति २०५६।८।१६ मा कपाली तमसुक खडा गरी रू.३,८०,०००।- (तीन लाख असी हजार रूपैयाँमात्र) ऋण लिनुदिनु गरेको तथ्यलाई विपक्षीहरूले अस्वीकार गर्न सकेका छैनन् । विपक्षीहरूका बीच भएको मिसिल संलग्न रहेको पारित अंशबन्डाको लिखतको प्रतिलिपि हेर्दा सो लिखत मिति २०५६।९।५ मा खडा भई मिति २०५६।९।७ मा रजिस्ट्रेसन पारित भएको अवस्था देखिन्छ । सोबाहेक अरू प्रमाणले पुष्टि नभएको अवस्थामा सो मितिभन्दा अघि विपक्षीहरू एकासगोलमा नै रहे बसेको मान्नुपर्ने हुन्छ । ऋण लिएको तमसुकको मिति २०५६।८।१६ गते देखिरहेको अवस्थामा सो मितिभन्दा पछि अंशबन्डा पारित भएकालाई अंशबन्डाको पेट बोलीमा घरसारमा अलग भइसकेको थियौं भन्ने कुरा लेखेकै भरमा विवादित ऋण तमसुक हुनुभन्दा अघि नै विपक्षीहरू छुट्टी भिन्न भइसकेका रहेछन् भन्न कानून नमिल्ने ।

सगोलको परिवारमा रहँदा घर व्यवहार गर्ने मुख्य व्यक्तिको हैसियतले गरेको व्यवहारप्रतिको पहिलो जवाफदेहिता त्यस्तो व्यवहार गर्ने मुख्य व्यक्तिउपर हुनुपर्ने भएपनि त्यस्तो व्यक्तिले गरेको व्यवहार सामुहिक हित प्रयोजनको लागि भएकाले त्यस्तो ऋणबाट लाभ लिने सबैले त्यस्तो ऋणप्रतिको दायित्वलाई निर्वाह गर्नुपर्ने नै हुन्छ । सगोलमा रहेको अवस्थामा सगोलको सम्पत्तिबाट बढे बढाएको सम्पत्तिमा सबैको बराबरी हक लाग्ने तर सगोलको परिवारको ऋण तिर्ने दायित्व सबैको बराबरी नहुने भन्ने हुँदैन । त्यसै हुनाले सबैले खाएको ऋणउपरको दायित्व घरको मुख्यको मात्रै हुन्छ भन्न न्यायसङ्गत र कानूनसम्मत दुवै हुन नसक्ने ।

पारित बन्डापत्रको मितिभन्दा अगावै खडा भएको तमसुकअनुसारको ऋण तिर्ने दायित्व ऋण खाने समयमा सँगै बस्ने १२ वर्ष उमेर पुगेका परिवारका सबै सदस्यको हुने भनी मुलुकी ऐन, दण्डसजायको २६ नं. मा कानूनी व्यवस्था भएकैबाट ऋण लिने परिवारको मुख्य व्यक्तिको सम्पत्ति मात्र पक्रनु पर्ने भन्न र त्यस्तो व्यक्तिको नाममा कुनै चलअचल सम्पत्ति केही बाँकी रहेको नदेखिएको अवस्थामा ऋण खाँदासँगै बसेका अन्य स्वास्नी छोराहरूको नाउँमा

रहेको सम्पत्तिबाट साहुले आफ्नो लेनदेनको बिगो असुल गर्न नपाउने भन्न नमिल्ने हुँदा धनुषा जिल्ला अदालतबाट विपक्षीहरू रेणुदेवी शर्मा, अमितकुमार शर्मा र अजितकुमार शर्माको नाउँमा रहेको जग्गा रोक्का राख्ने गरी मिति २०६५।०९।२५ मा भएको आदेश बदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।०५।२६ को आदेश मुलुकी ऐन, दण्डसजायको २६ नं. मा भएको कानूनी व्यवस्थासमेतको सन्दर्भमा त्रुटिपूर्ण रहेको देखिँदा त्यस्तो आदेशलाई कायम राख्न नमिल्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत : बाबुराम सुबेदी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७१ साल असोज ५ गते रोज १ मा शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०२३९, जालसाजी, *सीमा दमैसमेत वि. प्रेमबहादुर दमैसमेत*

व्यवहार चलाउनलाई घर जग्गा बिक्री गर्नेदेखि बाहेकको उपाय नभएको अवस्थामा घरजग्गा बिक्री गरेको कार्यलाई मात्र जालसाजी गर्‍यो भन्न मिल्दैन। जालसाजी हुनलाई त्यस्तो कार्य गर्ने व्यक्तिको बदनियत एवम् सो किसिमको आचरण देखिनुपर्ने।

लोग्नेबाट घरदेखि अन्यत्रै बसोबास गरेको भन्न नसकेको अवस्थामा घरमा लोग्नेसँग सँगै बस्ने वादीले लोग्नेले गरेको व्यवहार थाहा नपाउने भन्ने अवस्था पनि नहुने।

लोग्नेसँग सँगै घरमा बसेको अवस्थामा ४ वर्षपछि लोग्नेले घर जग्गा बिक्री गरेको कुरा थाहा पाएको भनी थाहा पाएको मितिबाट हदम्याद कायम गरी वादी जालसाजीतर्फको दाबी लिई आएकोलाई उपचारको उचित मार्ग अवलम्बन गरी आएको भन्न मिल्दैन। घर जग्गा बिक्री गरेको लोग्नेसँग साथैमा एउटै घरमा बसेकी श्रीमती पुनरावेदक वादीलाई लोग्नेले घर जग्गा बिक्री गरेको कुरा तत्कालै थाहा नहुने कुरै नहुँदा बसिरहेको घर छोड्न नपरोस् भन्ने उद्देश्यले मात्रै जालसाजीतर्फको दाबी गरेको भन्नुपर्ने अवस्था आउँछ । यस्तोमा जालसाजीतर्फको हदम्यादसमेत आकृष्ट हुन नसक्ने हुँदा वादी दाबी नपुग्ने ठहर्‍याएको कास्की जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६७।०९।१८।१ को फैसलामा कुनै कानूनी त्रुटि विद्यमान नरही उक्त फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम्।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०६५४, ०७०-FN-०२८८, उत्प्रेषण / परमादेश, *अधिवक्ता श्रीकृष्ण सुवेदीसमेत, वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

विपक्षी निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) एवम् राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसियसन नेपाल (एनप्याब्सन) अन्तर्गतका विद्यालयसमेतले शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ एवम् संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ विपरीत कार्य गरेको अवस्थामा सो कानून एवम् आदेशबमोजिम गर्न गराउन तथ्य खोली सम्बन्धित निकायमा माग गर्न सकिन्छ। त्यसरी दिइएको निवेदनमा सोबमोजिम भए गरेको नपाइएमा सोसम्बन्धमा सम्बन्धित निकायले अविलम्ब कार्यान्वयन गर्नुपर्ने।

प्रस्तुत रिट निवेदनका निवेदकहरूले विपक्षी निकायअन्तर्गतका विद्यालयहरूले शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ को पालना र प्रयोग नभएको भए सम्बन्धित निकायमा गएर आफ्नो गुनासोको सम्बोधन गरी पाउन माग गर्नुपर्नेमा त्यस्तो माग गरेको भनी आफ्नो निवेदनमा उल्लेख गरेको पनि देखिदैन। यसरी ऐन, नियम एवम्

निर्देशिकामा उल्लिखित प्रक्रिया पूरा नगरी निवेदकले कुन मितिको कुन निर्णय बदर गर्न माग गरेको हो सो सम्बन्धमा उल्लेख नै नगरी अमूर्त र अस्पष्ट आधारमा दिएको निवेदनबाट रिट निवेदन जारी गर्नुपर्ने अवस्था देखिँदैन। तथापि रिट निवेदकले ०६७-WO-०९९० को रिट निवेदनमा निर्देशनात्मक आदेश जारी भएकामा विपक्षी निकायबाट सो को पालना र प्रयोगको प्रश्नको रूपमा उठाएको देखिएकाले सो हदसम्म निवेदकको सरोकार वैध मान्नुपर्ने नै हुँदा यस अदालतबाट मिति २०६९।२।१० मा ०६७-WO-०९९० को रिट निवेदनमा जारी भएको निर्देशनात्मक आदेशको अक्षरश: पालना गर्नु गराउनु र सोको निरन्तर अनुगमन गर्ने सशक्त संयन्त्र निर्माण गरी त्यस्तो संयन्त्रमार्फत निरन्तर अनुगमनको कार्यसमेत गर्नु गराउनु भनी विपक्षी शिक्षा मन्त्रालयका नाममा ०६९-WO-१०८२ को उत्प्रेषण, परमादेशको निवेदनमा निर्देशन दिने गरी आजै आदेश भएकाले सो सम्बन्धमा प्रस्तुत निवेदनमा केही बोलिरहन नपर्ने।

इजलास अधिकृत:- कमलप्रसाद ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल मङ्सिर १४ गते रोज १ शुभम्।

- यसै लगाउको ०७०-WO-१०८२, उत्प्रेषण/परमादेश, *श्रीकृष्ण सुवेदीसमेत, वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI- ०५३४, लिखत दर्ता बदर दर्ता, *रामपृत राउत धनिकार वि. संझादेवी तेलीन*

वादीले निजका नाममा दर्ता रहेको कि.नं. ४८७ को क्षेत्रफल ०-१-० जग्गा घर घडेरीको जग्गा भएको र उक्त जग्गा कित्ताकाट हुँदा कि.नं. ४८६ को सम्पूर्ण जग्गा सडकतर्फ र कि.नं. ४८७ को वादीको नामको जग्गालाई कहीँकतैबाट बाटोले नछोएको र उक्त जग्गामा आउने जाने बाटोसमेत नभई भोग आवाद गर्न नै नमिल्ने भएकाले धनुषा जिल्ला अदालतको दा.खा. पुर्जीका आधारमा एकलौटी रूपमा प्रतिवादीले आफूलाई मात्र फाइदा पुग्ने गरी कित्ताकाट गरेको कार्यबाट म वादीलाई अन्याय परेको हुँदा कि.नं. ४३३ लाई पूर्वपश्चिम कित्ताकाट गरी दुवैलाई सडक बाटो पर्ने गरी आधी जग्गा उत्तरदक्षिण पर्ने गरी कायम गरिपाउँ भन्ने वादीको फिराद दाबी छ, प्रतिवादीले प्रतिउत्तर फिराउँदा वादीको जग्गामा जाने बाटो निकास रहेको छ भनी फिराद दाबीलाई खण्डन गरी प्रतिउत्तर जिकिर नलिई केवल वादीको फिराद गर्ने हकदैया नभएको भन्ने मात्र प्रतिउत्तर जिकिर रहेको देखिन्छ। यसरी एउटै चाक्लो रहेको जग्गामा एउटा पक्षलाई बाटैबाटो पर्ने र अर्को पक्षलाई जोतभोग र बसोबाससमेत गर्नै नमिल्ने गरी निकासै बन्द गरी एकतर्फीरूपमा कित्ताकाट गर्ने कार्य औचित्यपूर्ण र न्यायोचित मान्न मिल्ने देखिँदैन। वादीको जग्गामा वादी र प्रतिवादी दुवै पक्षको आधाआधा हक स्वामित्व हुने गरी दुवै पक्षलाई रोहबरमा राखी नरमगरम मिलाई कित्ताकाट गरी तर्फ छुट्ट्याउनु पर्नेमा वादीलाई बुझ्दै नबुझी निजलाई रोहबरमा समेत नराखी एकतर्फी रूपमा पश्चिमतर्फबाट कित्ताकाट गर्ने भनी धनुषा जिल्ला अदालतबाट जारी भएको दा.खा. पुर्जीका आधारमा वादीलाई मर्का पर्ने गरी भएको कित्ताकाट उचित ठहर्‍याई धनुषा जिल्ला अदालतले फिरादै खारेज हुने ठहर्‍याएको फैसला उल्टी गरी वादी दाबी पुग्ने ठहर्‍याएको पुनरावेदन अदालत, धनुषाको फैसला मिलेकै देखिने।

वादी र प्रतिवादीको आधाआधा हक स्वामित्व स्थापित भएको विवादित जग्गामा दुवै पक्षलाई रोहवरमा राखी नरम गरम मिलाई दुवै पक्षको जग्गामा बाटो निकास पर्ने गरी फैसला गर्नुपर्नेमा फिराद नै खारेज हुने ठहर्‍याएको सुरू धनुषा जिल्ला

अदालतबाट मिति २०६७।१।१४ को फैसला उल्टी गरी धनुषा जिल्ला अदालतबाट मिति २०५७।५।१२ मा जारी भएको दा.खा. चलन पुर्जीका आधारमा कित्ताकाट भएको कि.नं. ४८६ र ४८७ कायम गर्ने गरेको उक्त दा.खा. पुर्जी बदर भै सम्पूर्ण जग्गाको नरमगरम मिलाई पूर्वपश्चिम कित्ताकाट हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।३।५ को फैसला मनासिब हुँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-०२५८, फैसला बदर, *रामदेव दास तत्मा वि. सरोसतीदेवी तत्मिनी*

पुनरावेदक वादीले सरोसती देवी तत्मिनी वादी र मलिया देवी प्रतिवादी नैं चलेको जग्गा खिचोला मुद्दाको मिति २०५५।१२।८ मा वादी दाबी पुग्ने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको फैसला बदर गरिपाउँ भन्ने फिराद मागदाबीका सम्बन्धमा विचार गर्दा वादीले विवादित जग्गाको आफ्नो हकको स्रोतमा मिति २०२२।११।१५, २०२२।११।२५ र २०२२।१२।५ का एउटै व्यक्ति गजुदास तत्माबाट राजिनामा गराई लिएको तीन थान राजिनामाको लिखत पेस गरेकामा पुनरावेदक सरोसती देवी तम्मिनी र विपक्षी रामदेव दास तत्मा भएको २०५४ सालको फौ.पु.नं. ४५९ को जालसाजी मुद्दामा पुनरावेदन अदालत जनकपुरले मिति २०५५।१२।८ मा फैसला गर्दा मिति २०२२।११।१५ र २०२२।११।२५ को २ वटा लिखतहरू कानूनविपरीत भएका लिखत भनी शून्यमा परिणत गरी दिएको र प्रतिवादी सरोसती देवी तत्मिनी र मलिया देवीका बीचमा भएको मिति २०२७।६।१५ को राजिनामाको लिखत सद्दे हो भनी फैसला भएको देखिन्छ । जग्गाको हकको स्रोत पुष्टि गर्ने सो जग्गाको फिल्डबुक, दर्ता स्रेस्ता, जग्गाधनी प्रमाण पुर्जा र राजिनामा लगायतका लिखतहरू नै हुन् । वादीले उक्त विवादित जग्गामा आफ्नो हक रहेको प्रमाणित हुने आधारभूत लिखत प्रमाणहरू पेस गरी सो जग्गामा आफ्नो हकाधिकार रहेको पुष्टि गराउन सकको देखिदैन भने मिति २०२७।६।१५ को राजिनामाको लिखत पेस गरी विवादित जग्गामा आफ्नो हकाधिकार रहेको पुष्टि हुने प्रमाण प्रतिवादीले पेस गरेको देखिन्छ । यसरी राजिनामाबाट प्राप्त जग्गामा मलिया देवीले खिचोला गरेको भनी जग्गाधनी सरोसती देवीले जग्गा खिचोला मुद्दा दायर गरेकोमा सुरू महोत्तरी जिल्ला अदालतले वादी दाबी नपुग्ने ठहर्‍याएको फैसला उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०५५।१२।८ को फैसला बदर नहुने ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला अन्यथा देखिन नआउने।

वादी दाबीबमोजिम सरोसती देवी वादी र मलिया देवी प्रतिवादी भएको जग्गा खिचोला चलन मुद्दामा पुनरावेदन अदालत, जनकपुरबाट मिति २०५५।१२।८मा भएको फैसलालाई बदर हुने भनी सुरू महोत्तरी जिल्ला अदालतबाट ठहर भएको फैसला उल्टी गरी सो मिति २०६५।१२।८ को फैसला बदर नहुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरबाट भएको मिति २०६७।१०।९ को फैसला मनासिब हुँदा सदर हुने।

इजलास अधिकृत : नगेन्द्र कालाखेती

कम्प्युटर : कल्पना बर्तौला

इति संवत् २०७१ साल फागुन ११ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७–CI-०२८४, दूषित दर्ता बदर गरी हक कायम गरी खिचोला मेटाइ दर्ता गरी पाऊँ, *ठूलो हिमलाल भन्ने हिमलाल रानाभाटको मु.स. गर्ने श्रीमती*

*लीला रानाभाट वि. खडानन्द रानाभाटसमेत*

विवादका जग्गाहरू कि.नं. १२४५ र कि.नं. ३१ कै सिमानामा रहेका पुनरावेदक वादीको हक भोगमा रहेको जग्गाहरू कि. नं. १२४५ समेतका जग्गाहरू नापीका समयमा निज आफैँ उपस्थित भई नाप नक्सा गराई दर्तासमेत गरेको देखिँदा आफ्नो हक भोगको जग्गा अन्य व्यक्तिले दर्ता गरेको जानकारी हुन आएन भन्ने पुनरावेदन वादीको तर्कसँग सहमत हुन नसकिने।

२७ वर्षपश्चात् पुनरावेदक वादीलाई मुलुकी ऐन जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको १८ नं बमोजिमको हदम्याद आकर्षित गरी फिराद दायर गर्ने अधिकार रहेको भएको भन्ने मान्न मिल्ने नदेखिने।

इजलास अधिकृतः अर्जुनप्रसाद कोइराला

कम्प्युटर : खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,**०६६–CI-००८०, जग्गा खिचोला, *कृष्णबहादुरको मु.स.गर्ने रामशरण खड्का वि. सीताराम ढुङ्गाना*

सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६४।६।२ मा भै आएको नक्सा मुचुल्काको न. नं. ८ मा वादीले घर बनाई भोगी आएको जग्गाको क्षेत्रफल ०–९–३ –० (नौ आना तीन पैसा) रहेको भन्ने देखिन्छ भने प्रतिवादीले भोग गरेको सोही नक्सा मुचुल्काको न. नं. ४, ५ र ६ मा स्रेस्ता भन्दा बढी नै जग्गा रहेको देखिन्छ। विवाद जनिएको न. नं. ७ मा क्षे. फ. ०–१–२ (एक आना दुई पैसा) जग्गाको क्षेत्रफल रहेको देखिने।

अदालतबाट भै आएको नक्सामा वादीको जग्गा स्रेस्ता पुर्जाभन्दा कम देखिन्छ भने प्रतिवादीको जग्गा चाँहि स्रेस्ता पुर्जाभन्दा बढी देखिन आएको छ । अतः वादीले प्रतिवादीबाट साबिकमा खरिद गरेको ०–१०–०–० जग्गामा नपुग हुन आउने क्षे. फ. ०–०–१ (एक पैसा) जग्गा प्रतिवादीले खिचोला गरेको नै देखियो । वादीको उक्त नपुग हुन आएको जग्गा अदालतबाट भएको मिति २०६४।०६।०२ को विवादित न नं. ७ को क्षे.फ. ०-१-२ (एक आना दुई पैसा) खाली जग्गा मध्येबाट प्रतिवादीको घरलाई छोडी सो घरको उत्तरपूर्व तर्फबाट क्षे. फ. ०–०–१ (एक पैसा) जग्गा खिचोला मेटाई चलन चलाई पाउने देखिने।

सुरू ललितपुर जिल्ला अदालतको फिराद दाबी खारेज गर्ने गरेको फैसला उल्टी गरी वादीले प्रतिवादीबाट विवादित नं नं. ७ बाट क्षे.फ. ०-०-१ (एक पैसा) जग्गा खिचोला मेटाई चलनचलाई पाउने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६।२।२० को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल जेष्ठ १२ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६८–CI-०२१५, घर भत्काई पाउँ, *कृष्णबहादुरको मुस गर्ने रामशरण खड्का वि. सीताराम ढुङ्गाना* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८–CI-१२५९, कारवाही रोकी उपयुक्त आदेश जारी गरिपाउँ, *जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुरको तर्फबाट अख्तियारप्राप्त भई आफ्नो हकमा समेत श्यामराज अधिकारी वि. निरञ्जनप्रसाद भट्ट*

रोयल्टीलाई के गर्ने भनी विभिन्न समयमा विभिन्न समिति बनी सो समितिको संयोजक स्वयम् स्थानीय विकास अधिकारी नै बसी विभिन्न निर्णय गरी सो निर्णयको सम्बन्धमा जि.वि.स. स्वयम्ले राजस्व छुट दिने वा नदिने केही कारवाही गरेको देखिँदैन । राजस्व परामर्श समितिको संयोजक स्वयम् स्थानीय

विकास अधिकारी बसी गरेको निर्णयमा स्थानीय विकास कार्यालय केही कारवाही नगरी थाँती राखी आफूले गर्नुपर्ने काम नगरी त्यसै बसेको देखिन्छ । यसरी आफूले गर्नुपर्ने काम नगरी ठेकेदारलाई मात्र बक्यौता रकम बुझाउने भनी पत्राचार गर्ने गरेको कार्य एक आपसमा मिलेको नदेखिने।

सम्झौताअनुसार बक्यौता रकम असुलउपर गर्न जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुरले पत्राचार गर्न नमिल्ने हुँदा निवेदकको निवेदन दाबी र प्रतिवेदनअनुसार गर्ने वा नगर्ने भन्ने निर्णय जि. वि. स. ले गरेपछि मात्र निवेदकबाट रकम दाखिला गराउने पत्राचार गर्नु भनी आदेश जारी भएको पुनरावेदन अदालत, महेन्द्रनगरको आदेश मिलेकै देखिने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल माघ १५ गते रोज ५ शुभम्।

- यसै प्रकृतिको ०६७-CI-१२६०, कारवाही रोकी उपयुक्त आदेश जारी गरिपाउँ, *जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुरको तर्फबाट अख्तियारप्राप्त भई आफ्नो हकमा समेत श्यामराज अधिकारी वि. लक्ष्मणप्रसाद भट्ट* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६८–CR-१३०४, जालसाजी, *प्रिति वैश्य वि. मीरादेवी वैश्यसमेत*

वादीले अदालतमा यो मिति र समयमा उपस्थित हुनेछु भनी तारेख लिई गएकामा उक्त तारेखमा उपस्थित नभई तारेख गुजारी थाम्ने थमाउने समय व्यतित गरेको अवस्थामा डिसमिस फैसला भएको छ । यस्तो अवस्थामा वादीले प्रस्तुत मुद्दा डिसमिस गरेको मिलेको छैन भनी भन्न नपाउने।

वादीले अदालतबाट तोकी पाएको मिति २०६५।११।२५ को तारेख गुजारी कानूनतः थाम्ने थमाउने अवस्था नरहेकाले अ.बं.१७९ नं. र माथि उल्लिखित नजिर सिद्धान्तबमोजिम प्रस्तुत मुद्दा डिसमिस हुने ठहर गरेको सुरू बाँके जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०६६।७।१० को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: खगेन्द्रकुमार के.सी

इति संवत् २०७१ साल माघ १५ गते रोज ५ शुभम्

- यसै प्रकृतिको ०६८-CI-१४१६, लिखत दर्ता बदर दर्ता खारेज नामसारी, *प्रिति वैश्य वि. मीरादेवी वैश्यसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१–RC–०१४०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चने भन्ने चन्द्रबहादुर सार्की*

प्रतिवादीले गरेको साबिती बयानलाई घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन तथा अनुसन्धानको क्रममा कागज गर्ने व्यक्तिहरूले अदालतमा आई गरिदिएको बकपत्रबाट समेत समर्थित भैरहेको देखिन्छ । यसबाट यी प्रतिवादी चने भन्ने चन्द्रबहादुर सार्कीले राम्रो सम्बन्ध नभई माइत गई बसेकी श्रीमतीलाई घाँटी थिची शिथिल भएपछि करणी गरी मारेको भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत कसुर गरेकामा स्पष्टरूपमा साबित रहेको, निजको साबितीलाई अन्य सरकारी गवाहसमेतको भनाइसमेतका साक्षी प्रमाणबाट पुष्टि भएको अवस्थामा प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको भन्ने तथ्य शङ्कारहित तवरले पुष्टि हुन आउने।

प्रतिवादी चने भन्ने चन्द्रबहादुर सार्कीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुर अपराधमा सोही नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू दैलेख जिल्ला

अदालतले मिति २०६९।३।२७ मा गरेको फैसला सदर हुने ठहराएको पुनरावेदन अदालत सुर्खेतको मिति २०७०।१०।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: खेमकुमारी बस्नेत

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७२ साल जेठ २२ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१–RC–०११६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चन्द्रबहादुर कुमाल*

यी प्रतिवादी गरेको साबिती बयानलाई घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन तथा अनुसन्धान क्रममा कागज गर्ने व्यक्तिहरूले बकपत्रबाट समेत समर्थित भैरहेको देखिन्छ । यसबाट निज प्रतिवादी चन्द्रबहादुर कुमालले मृतकको पछ्यौराले घाँटी अठयाई शिथिल भएपछि सिलौटोले श्रीमतीको टाउकोमा प्रहार गरी निजको मृत्यु भएको हो भनी अधिकारप्राप्त अधिकारी र अदालतमा समेत कसुर गरेकामा स्पष्ट रूपमा साबित रहेको, निजको साबितीलाई अन्य सरकारी गवाहसमेतको भनाइसमेतका साक्षी प्रमाणबाट पुष्टि भएको अवस्थामा प्रतिवादी मृतकलाई कर्तव्य गरी मारेको भन्ने तथ्य शङ्कारहित तवरले पुष्टि हुन आउँदा प्रतिवादी चन्द्रबहादुर कुमालले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुर अपराधमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू गुल्मी जिल्ला अदालतले मिति २०६९।११।१५ मा गरेको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।१०।०५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: खेमकुमारी बस्नेत

कम्प्युटर: खगेन्द्रकमार खत्री

इति संवत् २०७२ साल जेठ २२ गते रोज ६ शुभम् ।

७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०–WO–०१७७, परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाउँ, *अधिवक्ता रामराज शिवाकोटी वि. राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय, पुल्चोक, ललितपुरसमेत*

यस अदालतबाट मिति २०७०।०५।१८ मा जारी भएको अन्तरिम आदेशअनुसार नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अधिकारी दम्पतीले उठाएको विषयमा सार्वजनिक विवरणपत्र जारी गरेको र निज दम्पतीले मिति २०७०।५।२३ मा आफ्नो अनसन फिर्ता लिइसकेको अवस्था भएको एवम् सो घटनाका सम्बन्धमा सत्यतथ्य बुझ्ने, घटनामा संलग्न व्यक्तिहरूको खोजतलास गर्नेलगायतको अनुसन्धान कार्य भई प्रतिवादीहरूमध्ये रामप्रसाद अधिकारी पक्राउसमेत परिसकेको अवस्था देखिन्छ । यसमा निवेदकले माग गरेको विषयहरूको सम्बोधन भइसकेको भनी प्रत्यर्थीहरूको लिखित जवाफ एवम् प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएको विद्वान् उपन्याधिवक्ताले बहसको क्रममा समेत जिकिर लिएको हुँदा निवेदनको औचित्य समाप्त भइसकेको देखिएकाले तत्काल निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन नआएकाले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त (उप सचिव)

कम्प्युटर अपरेटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल फागुन ६ गते रोज ४ शुभम् ।

८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७–WO–०३०३, उत्प्रेषण/परमादेश, *जगरनाथ साह कानूको वि. नागेश्वर साह कलवारसमेत*

प्रतिवादी जगरनाथ शाह कानूको नाउँ दर्ताको जग्गा जिल्ला पर्सा गा.वि.स. वर्वागोग वडा नं. ७ कि. नं. १९८ को जग्गाको मिति २०६५।४।७ गते जायदाती तायदाती मुचुल्का भएको र भिखारी राउत अहिरले

मिति २०६५।१०।२३ गते डाँक लिलाम सकार गरेको तथा सो आदेशको सम्बन्धमा निवेदन परी पुनरावेदन अदालत, हेटौँडाबाट अन्तिम भइरहेको समेत मिसिल संलग्न कागजबाट देखिएको अवस्थामा जिल्ला अदालतका तहसिलदारबाट भएको काम कारवाही बेरीतको नभई कानूनबमोजिम भई यस्तो काम कारवाहीले निवेदकको हकाधिकारमा आघात पुगेको देखिन नआउने । कानूनबमोजिम फैसला कार्यान्वयन गर्ने निकायबाट कानूनबमोजिम भए गरेको कार्यका सम्बन्धमा उत्प्रेषणलगायत परमादेशसहितको आदेश जारी नहुने हुँदा रिट निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गहेन्द्रराज पन्त

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७१ साल पुस १ गते रोज ३ शुभम् ।

९

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१–WO–०९३४, उत्प्रेषण/ परमादेश, *कालीप्रसाद (शर्मा) सुवेदीसमेत वि. भिवोर विकास बैङ्क लिमिटेडसमेत*

कर्जा लिने दिनेसम्बन्धी सम्झौता (LOAN AGREEMENT) को सर्तबमोजिम निवेदकले नियमितरूपमा कर्जाको सावाँ ब्याज तिरे बुझाएका छौँ भनी निवेदनमा उल्लेख गर्न सकेको अवस्था देखिँदैन । विपक्षी बैंकको सावाँ ब्याज तिर्न बुझाउनका लागि निवेदकहरूलाई पटकपटक लिखित पत्रबाट समेत अनुरोध गरेको कुरा विपक्षी बैंकले लिखित जवाफसाथ पेस गरेको पत्रको प्रतिलिपिबाट देखिन्छ । यसरी अनुरोध गर्दासमेत निवेदकले कर्जाको सावाँ ब्याज नतिरे नबुझाएको हुनाले २०६९।११।९ मा राजधानी राष्ट्रिय दैनिक पत्रिकामा सावाँ ब्याज तथा हर्जानासमेत तिर्न बुझाउन आउनु भनी ३५ दिने सूचना प्रकाशित गरेकामा यी निवेदकहरूले एक महिनाभित्र सूचना अनुसारको सावाँ ब्याज तिर्ने बुझाउने प्रतिबद्धता व्यक्त गरेको मिसिल संलग्न पत्रबाट देखिए तापनि सोअनुसार निवेदकहरूले बैंकको लेना रकम तिरे बुझाएको अवस्था मिसिल संलग्न कागजातहरूबाट देखिँदैन । बैंकसँग कर्जा लिएपछि ऋण लिँदाको भाखा र सर्तअनुसारको सावाँ र ब्याज तिर्नु बुझाउनु पर्ने दायित्व यी निवेदक ऋणीहरूमा रहेकामा निजहरूले आफ्नो दायित्व तत् समयमा पूरा गरेकोसमेत देखिन नआउने ।

धितोमा रहेको जग्गाको बजार भाउअनुसारको मोल प्रति आना १४ लाखदेखि १५ लाखसम्मको दरले ४ करोड १ लाख २ हजार ६५० रूपैयाँ पर्छ भनी मालपोत कार्यलय समेतका प्रतिनिधि बसी तयार भएको मिसिल संलग्न पञ्चकिर्ते मुल्याङ्कनको प्रतिलिपिबाट देखिन्छ । उल्लिखित पञ्चकिर्ते मूल्याङ्कनमा कोही कसैको पनि सिलबन्दी बोलपत्र नपरेकाले लिलामी मुचुल्का गरी बैंक आफैले सकार गरी धितोमा रहेको जग्गा स्वामित्वमा लिएको देखिन्छ । सो तथ्यलाई अन्यथा हो भनी भन्न र धितोमा रहेको जग्गाको मूल्य रू. १४,६७९००००।— नै पर्ने भनी मान्न मिल्ने तथ्ययुक्त आधार निवेदकले निवेदनमा खुलाउनसकेको अवस्था देखिदैन । तसर्थ निवेदन दाबीअनुसार निवेदकलाई १० करोड ६० लाख हानि नोक्सानी पुगेको भनी मान्नसमेत मिल्ने देखिन नआउने हुँदा पटकपटक यसै विषयमा बैंकले आफ्नो लेना रकम असुलउपर गर्न निवेदकको धितोमा रहेको सम्पत्ति कानूनी प्रक्रिया पूरा गरी लिलाम गर्दा कसैले नसकारेको अवस्थामा आफैले मिति २०७१।३।२२ मा सकार गरी सो सम्पत्ति विपक्षी रविन्द्रप्रसाद प्रधानलाई बिक्री गरी निजको नाउँमा दा. खा. गर्ने गरेको मालपोत कार्यालय, चावहिलको मिति २०७१।२।११ को निर्णय अन्यथा रहेछ भनी मान्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन । अतः यस अदालतबाट मिति २०७२।२।१९ मा जारी भएको अन्तरिम आदेश स्वतः निष्क्रिय भै प्रस्तुत निवेदन

खारेज हुने।

इजलास अधिकृत: रमेश रिजाल

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७२ साल असार ३१ गते रोज ५ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय मा. न्या. श्री गोविन्द कुमार उपाध्याय,** ०६६–WO–०११९, उत्प्रेषण / परमादेश, *निमबहादुर रेउले वि. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जसमेत*

प्रहरी ऐन, २०१२ को दफा १०(१) को कानूनी व्यवस्थाले सफाइको मौकालाई अनिवार्य सर्तको रूपमा मानेको देखियो। प्रतिवादको मौका प्रदान नगरी कसैको प्रतिकूल निर्णय गर्न पनि नहुने सर्वमान्य प्राकृतिक न्यायको सिद्धान्त हो। तथापि नैतिक पतन देखिने फौजदारी अपराधमा सजाय पाएको, प्रहरी ऐनले अपराध मानेका कार्यहरू सम्बन्धमा अपराधी भनी ठहर भएको अवस्थामा भने प्रतिवादको दिइरहनु व्यावहारिक हुँदैन । त्यसैले प्रतिवादीको मौका दिन व्यावहारिक नदेखिने, दिन मनासिब पनि नहुने र अपराधी नै ठहर भइसकेको जस्ता केही अपवादात्मक अवस्थामा प्रतिवादको मौका दिइरहनु पर्ने हुँदैन । त्यसैले यस्तै अवस्थालाई विचार गरी प्रतिवादको मौका नपर्ने भनी उक्त दफा १०(१) ले कानूनी व्यवस्था गरेको देखिन्छ। ती अवस्थामा बाहेक अन्य अवस्था र कारणमा भने प्रहरी कर्मचारीलाई सेवाबाट निष्काशन गर्दा अनिवार्यरूपमा सफाइको मौका प्रदान गर्नुपर्ने नै हुने।

निवेदनमा विपक्षी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जका प्रहरी उपरीक्षकले मिति २०६३।१।२६ मा गरेको निर्णय र ऐ.का प्रहरी नायब महानिरीक्षकले निवेदकले गरेको पुनरावेदनउपर मिति २०६६।४।२ मा गरेको निर्णयमा प्रहरी ऐनको दफा १० र नियमावलीको ८९(२) अनुरूप निवेदकले के कुन कानूनको उल्लङ्घन गरेको कारण कारवाही गर्न लागिएको हो र निजलाई के कस्तो सजाय हुन लागेको हो सोसमेत खुलाई सूचना दिई आफ्नो सफाइ पेस गर्ने मौका दिइएको देखिएको छैन। कारवाही उठाउनको सूचनामा पनि बिना सूचना लामो समयसम्म कार्यालयमा गैर हाजिर रहेको भनी बाटाको म्यादबाहेक २४ घण्टाभित्र कार्यालयमा हाजिर हुन जाने, हाजिर हुन नगएमा प्रहरी नियमावलीबमोजिम कारवाही हुने व्यहोरा उल्लेख गरी कार्यालयमा हाजिर हुन आउनको लागि सूचनासम्म दिएको पाइन्छ । यसबाट प्रहरी ऐन तथा प्रहरी नियमावली के कुन प्रावधानबमोजिम के कस्तो कसुरमा निवेदकलाई कारवाही गर्न थालेको हो र निजलाई के कस्तो सजाय हुने हो भन्नेसमेतको कसुर र हुनसक्ने सजाय सो सूचनामा उल्लेख भएको देखिएन । उक्त सूचना पनि निवेदकको घर दैलामा वा अन्य कुन ठाउँमा टाँस भएको हो भन्ने कुरा तामेल व्यहोरामा स्पष्ट खुलेको पनि पाइँदैन । तसर्थ निवेदकलाई प्रेषित गरेको सूचनालाई प्रहरी ऐन, २०१२ को दफा १० र प्रहरी नियमावली, २०४९ को नियम ८९(२) को प्रयोजनार्थ सजायको आदेश दिनसक्ने अधिकारीले सेवाबाट हटाउने निर्णय गर्दा अनिवार्य सर्तका रूपमा खुलाउन पर्ने लागेको आरोप र हुने सक्ने सजाय खुलाई प्रतिवादको मौका दिएको हो भनी मान्न नमिल्ने । प्रहरी नियमावली, २०४९ को नियम ८९(२) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क), (ख) र (ग) मा रहेको कानूनी व्यवस्थाको अध्ययनबाट निवेदकका हकमा ऐ. नियमावलीको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ग) अनुसार सफाइ पेस गर्ने मौका दिन मनासिब नपर्ने भएमा सो कुराको पर्चा खडा गरी सफाइ पेस गर्ने मौका नदिई अधिकारप्राप्त अधिकारीले सेवाबाट हटाउन सक्ने कानूनी व्यवस्था रहेको देखिन आयो। उपयुक्त खण्ड (ग) ले अधिकार प्रदान गरेबमोजिमको निवेदकलाई पदबाट हटाउँदा सर्वप्रथम

प्रतिवादको मौका किन दिन नपर्ने हो सो कारण खुलाई पर्चा खडा अनिवार्यरूपमा गर्नुपर्ने हुन्छ । त्यसरी पर्चा खडा गरिसकेपछि मात्र पदबाट हटाउन सकिने हुन्छ । तर प्रस्तुत विवादमा निवेदकलाई सफाइ पेस गर्न दिनु नपर्ने भनी कुनै कारण र आधार नखुलाएको मात्र होइन पर्चा खडासम्म पनि गरेको देखिँदैन । प्रहरी नियमावलीको नियम ८९(२)(ग) अनुसारको छुट्टै पर्चा खडा गर्नेसमेतका कार्यविधि विपक्षीहरूबाट अवलम्बन हुन नसकेको अवस्थामा विपक्षीहरूबाट कानूनको रीत पुर्‍याई काम भयो भन्न नमिल्ने । प्रहरी कर्मचारी हर क्षण अनुशासनमा बस्नुपर्ने र जनताको जनधनको सुरक्षार्थ सदैव आफ्नो कर्तव्यप्रति बफादार हुनपर्ने कुरामा दुईमत हुन सक्दैन । तर, त्यसो भन्दैमा प्रहरीले कानूनद्वारा निर्दिष्ट गरेको अधिकार नै समाप्त हुन जान्छ भन्न चाहिँ मिल्दैन । प्रहरीले दिने सेवा र उसको कर्तव्य संवेदनशील हुनुको साथसाथै प्रहरीलाई कानूनले दिएको कानूनी अधिकार पनि त्यतिकै रूपमा संवेदनशील, क्रियाशील र असरदार हुन्छ । प्रहरी कर्मचारीहरूको सेवा सर्तसम्बन्धी ऐनले नै प्रहरी सेवालाई विशिष्टीकृत सेवा मानी प्रहरी कर्मचारीलाई लगाइएको आरोप किटान गरी आरोप पुष्टयाइँ हुनसक्ने आधार र कारण खुलाई सफाइको मौका प्रदान गर्न नसक्ने अवस्था र परिस्थिति वस्तुगत रूपमा सिर्जना हुन पुगेमा प्रहरी नियमावलीको नियम ८९(२) को खण्ड (ग) अनुरूपको सफाइ दिनु नपर्ने व्यहोराको पर्चा खडा गरी सेवामा निष्काशन गर्नसक्ने अधिकार प्रदान गरेको हो । यसरी कानूनले नै प्रहरी कर्मचारीको सेवाको संवेदनशीलतालाई मनन् गरी पृथकपृथक परिस्थितमा पृथक किसिमको कार्यविधिको अवलम्बन गरी कारवाही गर्नसक्ने अधिकार, अधिकारप्राप्त अधिकारीलाई प्रदान गरेको अवस्थामा सोही तोकिएकै कार्यविधिको अवलम्बन गर्नुपर्ने हुन्छ । यो वा त्यो अन्य अवस्था र स्थिति देखाई कसैको कानूनी हकमा गरैकानूनी तवरबाट आघात भएमा संविधान र कानूनको संरक्षक एवम् पालना गर्न कर्तव्य रहेको यस अदालतले व्यक्तिको कानूनी हकलाई संरक्षण गर्न नै पर्ने ।

उपर्युक्त तथ्यहरूको विश्लेशण, कानूनी व्यवस्थाको व्याख्यासमेतको आधारमा निवेदक निमबहादुर रेउलेलाई प्रहरी सेवाबाट हटाउने गरी प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जबाट भएको मिति २०६३।१।२६ को निर्णय र सोउपर परेको पुनरावेदनमा ऐ. कार्यालयका प्रहरी नायव महानिरीक्षकबाट मिति २०६६।४।२ मा भएको निर्णयसमेत त्रुटिपूर्ण देखिएकाले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदकलाई पूर्ववत् प्रहरी हवल्दारको सेवामा बहाल गरी प्रहरी नियमावली, २०४९ को नियम ९६ बमोजिम पाउने तलब भत्तासमेतका सेवा सुविधा दिनू भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल असार २१ गते रोज २ शुभम् ।

२

**मा. न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७–CR–१३२५, कर्तव्य ज्यान, *राजु गुरूङ वि. नेपाल सरकार*

परपुरूषसँग शारीरिक सम्बन्ध राखेको कारणबाट कर्तव्य गरी मारेको कार्यलाई सजाय कम गर्ने आधार हुन सक्दैन । त्यसैगरी प्रतिवादीले मृतकलाई मिति २०६५।९।१२ देखि मार्ने योजना बनाई योजनाबद्ध रूपमा सडक महोत्सव हेर्न भनी मृतकलाई लगी सँगै गएका साथी राजु नेपाली समेतले थाहा नपाउने गरी यौन सम्पर्क गर्ने बाहना बनाई मृतकलाई फेवातालको किनारामा लगी गलबन्दीले कसेर मारेपश्चात् तालमा मृत लास फालिने कार्य आफैँमा कठोर, निर्दयी र कार्यरतापूर्ण देखिएको अवस्थामा पुनरावेदनको यसप्रकारको कार्य कम सजाय गर्ने आधार बन्न सक्दैन । कायरतापूर्वक गरिएको हत्यालाई

कानूनी सहुलीयत दिनु न्यायकर्तालाई कानूनले गरेको विश्वासको दुरूपयोग गर्नु हुन जान्छ। यसर्थ कम सजाय गरिपाउँ भन्ने पुनरावेदनको पुनरावेदन जिकिरसँग सहमत हुन सकिने आधार र अवस्था देखिन नआउने।

प्रतिवादी राजु गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको कास्की जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०६७।१२।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। कम सजाय गरिपाउँ भन्ने पुनरावेदन प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल जेठ २५ गते रोज २ शुभम्।

३

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०५२०, निषेधाज्ञा, *तिलकबहादुर कामी वि. रामएकवाल राउत कुर्मीसमेत*

विवादित जग्गामा विपक्षले गरेको खिचोला मेटाई निवेदकको हक स्थापित भइसकेपछि पुनरावेदकको जग्गामा प्रत्यर्थीले अतिक्रमण गर्नसक्ने अवस्था नरहने भई प्रत्यर्थीबाट हुन सक्ने क्रियाकलाप नै खिचोला चलन मुद्दाबाट दण्ड सजाय को ४३ नं. अनुरूप रोक्न सकिने अवस्थामा पुनः सोही कार्य नगर्नु भनी प्रत्यर्थीका नाउँमा निषेधाज्ञाको आदेश जारी गरिरहनुपर्ने कुनै औचित्य देखिन नआउने।

विपक्षीउपर चलेको खिचोला मेटाई घर हटाई चलन चलाइपाउँ भनी दायर भएको मुद्दा अन्तिम भइसकेको र सोही मुद्दाबाट यी पुनरावेदकले उपचारप्राप्त गर्न सक्ने अवस्था रहेको यस अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने देखिने आएन। तसर्थ निषेद्याज्ञाको निवेदन खारेज गर्न ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।२।१७ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल चैत ९ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०–CR–०१२९, केही सार्वजनिक अपराध, *नेपाल सरकार वि. प्रनिस राई*

विद्यायिकी कानूनमा स्पष्ट भएका कुरामा अदालतले व्याख्या गर्ने कुरा हुँदैन। तर प्रस्तुत मुद्दामा पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा मुद्दा दोहर्‍याई हेरिपाउँ भन्ने निवेदन गर्दासम्म पुनरावेदक नेपाल सरकारतर्फबाट यस मुद्दाभन्दा अघि के कुन मुद्दामा प्रतिवादी प्रनिश राईउपर के कुन निकायबाट सजाय भएको थियो भन्ने फैसला वा सो देखिने कुनै निस्सा प्रमाण मिसिलमा राख्न सकेको पाइँदैन। अदालतबाट दाबी प्रमाणित गराउन सम्बद्ध प्रमाण सम्बन्धित पक्षबाट दाखिल भएको हुनुपर्छ। अदालतले जहिले पनि मिसिल संलग्न प्रमाणको आधारमा न्याय प्रदान गर्ने हो। यसरी केही सार्वजनिक अपराध र सजाय ऐन, २०२७ को दफा ६(१) को अभियोग वस्तुगत प्रमाणले पुष्टि नभएको हुँदा यस अदालतको मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गर्ने गरेको मिति २०७०।३।२७ को आदेशको आधार एवम् वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

उल्लिखित आधार र कारणबाट सुरू जिल्ला प्रशासन कार्यालयको फैसला सदर हुने गरी पुनरावेदन अदालत धनकुटाबाट मिति २०६८।१२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल जेष्ठ १४ गते रोज ५ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६४–CR–०६१५, ०५२६, जालसाजी, *गणेश महतो तत्वासमेत वि. प्रल्हाद महतो धानुक, सुरेश महतो तत्वासमेत वि. प्रल्हाद महतो धानुक*

प्रस्तुत मुद्दामा विपक्षी वादी प्रल्हाद महतो धानुक साबिक जग्गाधनी रामबहादुर श्रेष्ठकै पालादेखि जिल्ला पर्सा लिपनी विर्ता गा.वि.स. वडा नं ४ कि.नं. २९ का ज.वि. ०–९–१० को जग्गा विधिवत् रूपमा मोहीमा बुझाइआएको भनी निजले पेस गरेको मोहियानी हकको प्रमाणपत्र, कूत धरौटी तिरेका नगदी रसिद समेतबाट देखिने आएको छ। मिति २०५९।३।१६ मा भूमिसुधार कार्यालय पर्सामा निष्क्रिय मोही लगत कट्टाको निवेदन पर्नु र त्यसको भोलिपल्ट अर्थात् २०५९।३।१७ मा नै प्रल्हाद महतोको नाममा म्याद जारी भई उक्त म्याद घरदैलामा टाँस भएको व्यहोरा पारी म्याद तामेल भएको देखिँदा उक्त कार्य असल नियतबाट भएको भन्ने देखिन आएन । विपक्षीहरूमध्येका गणेश महतो गा.वि.स. लिपनीबिर्ताका तत्कालीन कार्यवाहक अध्यक्ष रहेको तथा प्रविादी सुरेश महतो वार्ड सदस्य रहेको भन्ने मिसिल निजहरूको प्रतिउत्तर पत्रसमेतबाट देखिन आएको छ। वादी प्रल्हाद महतोले पेस गरेको मोहीयानी हकको प्रमाणपत्र, कूत धरौट तिरेका रसिदसमेतबाट उक्त कि.नं. २९ को जग्गाको मोही यी वादी प्रल्हाद महतो रहेको देखिइरहेको अवस्थामा मिसिलमा भएको तथ्यको विपरीत भएको सिफारिस तथा सर्जमिनका विषयहरूलाई जालसाजी क्रियाबाट भएका थिएनन् भनी भन्न सकिने अवस्था नदेखिने । प्रस्तुत मुद्दाको तथ्यगत अवस्थालाई केलाउँदा साबिक जग्गाधनी रामबहादुरबाट सुरेश महतोका नाममा जग्गाको हक हस्तान्तरण भएपछि निष्क्रिय मोही लगत कट्टा गरिपाउँ भनी सुरेश महतोले भूमिसुधार कार्यालय, पर्सामा निवेदन दिएको र भूमिसुधार कार्यालयले अर्को दिन अर्थात् २०५९।३।१७ मा प्रल्हाद महतोका नामको म्याद घरदैलोमा टाँस तामेल गराई सुरेश महतोको अनुकूलकै सिफारिस तथा झुट्ठा सरजमिनको आधार लिई निर्णय गरेको देखिँदा साबिकदेखि नै कि. नं. २९ को मोही रहेका प्रल्हाद महतोको हक मेटाउने उद्देश्यले उल्लिखित क्रियाहरू भएको देखिन आएकाले पुनरावेदक प्रतिवादीहरूको कार्य जालसाजीपूर्ण रहेको पुष्टि हुन आउने।

माथि विवेचना गरिएका आधार र कारण समेतबाट म्याद तामेलीदेखि सर्जमिनसमेतका कार्य जालसाज क्रियाबाट भएको मिसिल संलग्न कागजहरूको काम कारवाहीको प्रक्रियाबाट देखिन आएकाले यी पुनरावेदक प्रतिवादीहरूको काम कारवाही जालसाजी ठहर गरी प्रतिवादीहरूलाई मुलुकी ऐन किर्ते कागतको १० नं. बमोजिम रू. २००।– जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौँडाको मिति २०६४।०२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । जालसाजीमा सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल माघ १९ गते रोज २ शुभम्।

२

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६६–CI-०८३६, नामसारी दा.खा. तथा लिखत बदर गरी मेरा नाममा दर्ता गरिपाउँ, *नारदमुनि लिम्बू वि. पूर्णवती लिम्बूसमेत*

अनिश्चित, अस्पष्ट, शङ्कास्पद र विरोधाभासपूर्ण प्रमाणहरूलाई अदालतले वादी दाबी पुग्ने प्रमाणको रूपमा ग्रहण गर्न सक्दैन । यस्ता प्रमाणलाई आधार बनाई प्रतिवादी पूर्णवती तथा निजको परिवारले टंकप्रसाद तथा निजको परिवारको व्यक्तित्व तथा सामाजिक प्रतिष्ठा तहसनहस हुने गरी वादी दाबी पुग्ने गरी ठहर निर्णय गर्न नमिल्ने।

नालेस लिखत भएको मिति २०५७।२।२७ बाट जम्मा २ महिनाभित्रै अर्थात् मिति २०५७।४।२५ मा परेको देखिन्छ । यस स्थितिमा दाबीको लिखतबाट उक्त मुलुकी ऐन, लेनदेनको व्यवस्थाको ४० नं. बमोजिम नाबालक वादीको हकको संरक्षण भयो कि भएन यसको विचार हुनु आवश्यक हुन्छ । आफूले आमालाई देख्दै नदेखेको भन्ने वादी नारदमुनिको बयान रहेको र प्रतिवादी पूर्णवतीले पनि ५ वर्षको उमेरपछि नारदमुनि निजको सौतेनी दिदीहरूको हेरचार संरक्षणमा रहेको भनी स्वीकार गरी बयान गरेबाट नारदमुनिको लागि अर्थात् नाबालकको हितको लागि यो जग्गा बिक्री भएको वा यसमा नारदमुनिको मन्जुरी रहेको देखिन आउँदैन । नाबालकको हकहितको सर्वोपरिता आजको विधिशास्त्रको जल्दोबल्दो विषय त हुँदै हो यसले सारा सभ्य मुलुकको कानूनमा सदा कालदेखि मान्यता पाएको इतिहास र तथ्य पनि विद्यमान नै छ । जग्गा बिक्री गर्ने कार्य पति सुकवीरकै काजक्रिया गर्दा लिएको ऋण तिर्नका लागि गरेको भन्ने प्रतिवादी पूर्णवतीको प्रतिउत्तर जिकिर भए पनि राजिनामा लिखतमा सो उल्लेख भएको पाइँदैन न त तत्सम्बन्धी अरू लिखत पेस हुन सकेको देखिन्छ । सुकवीर भारत सिलीगुडीमा चौकीदारमा कार्यरत व्यक्ति देखिएकाले निजको अन्य तलब सुविधा पनि रहेकै देखिन्छ । यी सब कारणबाट प्रस्तुत राजिनामाको लिखतबाट वादी नाबालकको हकको संरक्षण हुन सकेको नदेखिने ।

लिखतलाई मुलुकी ऐन, लेनदेन व्यवहारको ४० नं. अन्तर्गत "नाबालकको धन बिगार्नलाई बेइमानी गरेको" भन्नु उपयुक्त हुन्छ । यसर्थ उक्त लिखतबाट मर्कामा परेको वादी नारदमुनिको आधा भाग बाहेक गर्नु न्यायोचित हुने देखिँदा मिति २०५७।२।२७ को र नं. १८८९ को राजिनामा लिखतको २ भागको १ भाग बदर गर्नु पर्नेमा पूरै वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०६०।१।२२ को फैसला केही उल्टो भै उक्त लिखतको २ भागको १ भाग बदर हुने ।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल
कम्प्युटर: विदुषी रायमाझी
इति संवत् २०७१ साल चैत १ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CR-०५९१, लिखित गाली बेइज्जती, *नारदमुनि लिम्बू वि. पूर्णवती सम्बाहाम्फे लिम्बू*
- ०६६-CR-०५९२, जालसाज, *नारदमुनि लिम्बू वि. पूर्णवती लिम्बूसमेत*

३

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६४–CR–०७४८, ०६८-CR-०८४४, भ्रष्टाचार, *नेपाल सरकार वि. देवीप्रसाद भण्डारीसमेत, देवी भण्डारी (कँडेल) वि. नेपाल सरकार*

निजी क्षेत्रमा काम गरी आय आर्जन गरेको प्रमाणित भएको अवस्थामा त्यसरी आर्जित आयलाई प्रतिवादीको वैधानिक स्रोतको रूपमा ग्रहण गर्ने गरिएको यस अदालतका पूर्व फैसलाहरूसमेतलाई मध्यनजर राखी सो प्रतिवादी देवी भण्डारी कँडेलको पारिश्रमिक आय रू. २,४२,५००।– प्रतिवादीको आयमा समावेश गर्न न्यायसम्मत नै हुने ।

आपसी व्यवहार र सहमतिको आधारमा आय आर्जन हुने व्यावहारिक पक्ष भएपनि सो सरकार रकमलाई प्रतिवादीको आयमा समावेश गर्न सकिने अवस्था र आधार स्पष्ट नभएकाले त्यस्तो आयलाई निजको समग्र आयमा समायोजन हुन सक्ने स्थिति नदेखिने ।

मनासिब कारणविना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको प्रमाणित भएमा आरोपित कसुर स्थापित हुने ऐनको व्यवस्था हो । प्रतिवादीको आय र व्ययको हिसाब गर्दा व्ययलाई गणना गरी हिसाब गरेको पाइँदैन । घरायसी व्यवहारलाई कानूनी

मान्यता प्राप्त हुने सामाजिक परिवेश र प्रचलन, आय र व्ययको लेखा राख्न नपर्ने परिपाटी, टीकाटालो जस्ता स्रोतबाट पनि आय हुने सामाजिक प्रचलन र आयका स्रोत र खर्चको विषयमा लामो समयसम्म स्मरण नहुने, आधिकारिक अभिलेखसमेत सुरक्षितसम्म नरहने भएबाट आर्थिक व्यवहारको विषयमा यथार्थ रूपमा आयका स्रोतको रकमको यकिन रूपमा किटान गर्न सकिने स्थिति पनि नरहने।

समुचित प्रमाणको अभावमा आयमा समावेश गर्न नसकिएका कुरालाई सापेक्षित रूपमा हेर्नु पर्ने देखिन्छ । अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर निर्धारण गर्ने मापदण्ड पनि यही नै हो । ऐनको सो व्यवस्थालाई पनि यिनै कुरालाई हेर्नु पर्ने हुन्छ। प्रतिवादीको जीवनस्तर निर्धारण गर्ने मापदण्ड पनि निजको सामाजिक र आर्थिक पक्ष नै हो। जाँच अवधिमा देखिएको र पाइएको प्रतिवादीको आर्थिक कारोवारको आधारमा माथि उल्लेख भएअनुसारको आय र व्ययको हिसाब गर्दा कूल खर्चको तुलनामा वैधानिक आयस्रोत बढी नै देखिएको अवस्थामा ऐनले व्यवस्था गरेबमोजिमको प्रतिवादीको अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तरमा यापन गरेको कुरा देखिन नआएकाले प्रतिवादीउपरको सो आरोप पुष्टि हुन नआउने।

आय व्ययको हिसाब गर्दा घरायसी व्यवहार, सामाजिक प्रचलन र व्यक्तिगत लेखा राख्न नपर्ने परम्पराको कारणबाट यथार्थ रूपमा आयका स्रोत र खर्चका रकमको यकिन रूपमा किटान हुन सक्ने स्थिति पनि रहँदैन। प्रतिवादीको कूल खर्चको तुलनामा आम्दानीका वैधानिक स्रोतहरू बढी नै देखिएको अवस्थामा ऐनले व्यवस्था गरेको गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको कुरा यतिकै आधारबाट देखिन नआएकाले प्रतिवादीउपर वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथ्ययुक्त मान्न नसकिने।

माथि प्रकरणमा विवेचना गरिएबमोजिम का.जि.का.म.न.पा.वडा नं. १० स्थित देवी भण्डारी कँडेलको नाउँमा रहेको घरको घरभाडाबापत आर्जित रू.३,९६,०००।– तथा निजले विद्या व्यायाम इङ्गलिस स्कुल जोरपाटी र सिर्जनसील इङ्गलिस स्कुल बबरमहलमा शिक्षण पेसा गरेबापत आर्जन गरेको पारिश्रमिक रू. ४,२२,५००।– सहित कूल रू. ६,३८,५००।– प्रतिवादीको आयमा समावेश नगरी भएको फैसला मिलेको नदेखिँदा सुरू विशेष अदालतको उक्त मिति २०६४।९।९ को फैसला केही उल्टी भै सो हदसम्मको निजको वैधानिक आय कायम हुन आउने।

इजलास अधिकृत: केशवप्रसाद घिमिरे

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस ११ गते रोज ६ शुभम्।

४

**मा. न्या. श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०–WO–०१८७, उत्प्रेषण / परमादेश, *बलराम यादव वि. मालपोत कार्यालय, सप्तरीसमेत*

आफ्ना विरूद्धमा आदेश भइसकेपछि पनि मुद्दामा नियमित तारेखमा रहेका विपक्षीले चित्त बुझाई बसेको स्पष्ट अवस्थामा मूल मुद्दाको फैसलाको परिमाण विचार गरी रिट निवेदन गरेकामा युक्तियुक्त कारणबिना र नियतवस अत्यधिक, बिलम्ब गरी दायर दर्ता भएको प्रस्तुत रिट निवेदन बिलम्बको सिद्धान्तको आधारमा प्रथम दृष्टिमै खारेजयोग्य छ।

निवेदन २०५४ सालमा नै छुट्टी भिन्न भई बसेका र धेरै समयपछि आमा र भाइहरूको बीचमा पनि अंश मुद्दा चलेकै थियो त्यसैले आमाको भागको सम्पत्तिमा मेरो अपुताली हक लाग्ने हो भनी जिकिर लिनु न्यायसङ्गत नदेखिने।

फैसला कार्यान्वयनको सिलसिलामा विचाराधीन मुद्दालाई असर पर्ने गरी उत्प्रेषणको आदेश जारी हुन सक्दैन। यी निवेदक ०५४ सालमा छुट्टा भिन्न भै बसेको आमासँग नै सगोलमा नरहेका निवेदकले

आमाको अपुताली हक पाउने अवस्था नै नदेखिएकाले यी निवेदकको हकमा कानूनको त्रुटि, व्याख्यामा त्रुटि भएको प्राकृतिक न्यायको सिद्धान्तविपरीत काम कार्यवाही भएको मानी उत्प्रेषणको आदेश जारी हुने अवस्था परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल चैत १५ रोज ०१ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७–WO–०५७५, उत्प्रेषण, *रघुविर ब्याञ्जु श्रेष्ठ वि. डिभिजन सडक कार्यालय, चरिकोटसमेत*

आफू अन्यायमा परेको कुरालाई अन्याय पर्ने व्यक्तिले समयमै सम्बन्धित निकायमा क्षतिपूर्तिको लागि निवेदन दिन सक्नु पर्दथ्यो। ७ वर्षपछि आएर मात्र क्षतिपूर्तिको माग गरी निवेदन गर्नु आफैँमा न्यायमा विलम्ब गरेको देखिन आउँछ यस्तो अवस्थामा उचित कारण बिना बिलम्ब गरी बस्नेलाई अदालतले मद्दत गर्न नसक्ने।

आफ्नो हकप्रति चनाखो भई कानूनी उपचारको खोजीमा नलागेका रिट निवेदकलाई ढिलो गरी पर्न आएको रिट निवेदनबाट बिलम्बको सिद्धान्तका आधारमा उपचार दिने अवस्था नहुने।

क्षतिपूर्ति प्रदान गर्न नमिल्ने भनी विपक्षी भौतिक योजना तथा निर्माण मन्त्रालयले गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी क्षतिपूर्ति प्रदान गरिदिनु भनी परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदकको निवेदन जिकिर खारेज हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल फागुन १२ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७–WO–०८८०, उत्प्रेषण/परमादेश, *देवचन्द्र शाह वि. हिमाल सिमेन्ट कम्पनी लिमिटेड, चोभार काठमाडौं हाल नेपाल औद्योगिक विकास निगम भवन, दरबारमार्ग, काठमाडौं नेपालसमेत*

हिमाल सिमेन्ट कम्पनीमा नेपाल सरकारको स्वामित्व रहेको छ। हिमाल सिमेन्ट कम्पनी नेपाल सरकारको स्वामित्व (State owned Enterprises) रहेकाले कम्पनीमा हुने निर्णय पनि नेपाल सरकारको नै हुन जान्छ। जुन सरकारको नीतिगत कुरा हो। सरकारको नीतिगत प्रश्नलाई अदालतले हस्तक्षेप गर्नु शक्ति पृथकीकरणको प्रतिकूलसमेत हुन जाने।

नेपाल सरकारको कट अफ डेटको निर्धारण निर्णयअनुसार हिमाल सिमेन्ट कम्पनी लिमिटेडले निवेदकलाई २०५८ पौष मसान्तको कट अफ डेट मानी अवकाश दिएको कुरालाई अन्यथा भन्न सक्ने देखिँदैन। हिमाल सिमेन्ट कम्पनीमा कर्मचारी कटौती गर्ने नगर्ने नीतिगत निर्णय गर्ने अधिकार नेपाल सरकारलाई हुने तथा सो नीतिअनुसार निर्णय गर्ने अधिकारक्षेत्र कम्पनीको सञ्चालक समितिमा हुने नै हुँदा २०५८ साल पुस मसान्तसम्मलाई कट अफ डेट मानी मिति २०६६।१२।२२ मा गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी २०६५ आषाढ मसान्तलाई कट अफ डेट मानी तलब सुविधा दिनुपर्छ भन्ने माग न्यायसङ्गत नदेखिने।

निवेदकलाई अवकाश दिने गरी अख्तियारप्राप्त निकाय कम्पनीको सञ्चालक समितिबाट भएको निर्णयलाई Service Jurisprudence र Trade Jurisprudence समेतका आधारमा युक्तियुक्त नै मान्नु पर्ने देखियो। निवेदकलाई अवकाश दिने गरी गरिएका मिति २०६६।१२।२२ समेतका निर्णयलाई अन्यथा भन्न सक्ने स्थिति नदेखिँदा निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्न नसकिने।

निवेदकले प्राप्त गर्ने सेवा सुविधाको सन्दर्भमा विचार गर्दा यी निवेदकसरहका अन्य विदेशमा रहेका यस्तै प्रकृतिका कर्मचारीहरूलाई कम्पनीले कुनै सुविधा दिएको भए सोसरहको सुविधा यी निवेदकलाई

पनि दिनुपर्ने ।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल चैत १० गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७–WO–०२६५, उत्प्रेषण/परमादेश, *सीताराम दहाल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

सरकारी काम कारवाही स्वच्छ, पारदर्शी, जवाफदेही एवम् कानूनी तवरले गर्नुपर्दछ । जनताले पाउने सेवामा कमी आउन नदिई काम कारवाहीमा त्रुटि नगरी गर्नु उचित हुन्छ । सरकारी निर्णयहरू पूर्ण रूपमा जनता उन्मुख हुनुपर्दछ । जनताको सेवा पाउने कुरामा कसैले आघात पुर्‍याउन हुँदैन । सरकारी काम गर्दा बिनाआधार नगरी कानूनको शासनको सम्मान गर्दै कानून अनुसार काम गर्नुपर्ने हुँदा अधिकार प्राप्त निकायबाट सरल एवम् व्यवस्थित कार्यविधि निर्धारण गर्न सक्ने ।

जग्गा प्रशासनलाई नियमित, व्यवस्थित एवम् सरल बनाउने कार्यक्षेत्र भूमिसुधार मन्त्रालय तथा विभागकै रहेको छ । जग्गा प्रशासन व्यक्तिको साम्पत्तिक अधिकारसँग समेत सम्बन्धित छ । अचल सम्पत्तिको स्रोतमा जग्गाको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । जग्गाको हक हस्तान्तरण जस्ता कुरा सबै नबुझी हतारमा तुरून्तै गरिहाल्दा परिणाम नराम्रो निस्कन जाने र कहिलेकाहीँ हकवालाले अनाहकमा सम्पत्तिको हकबाट बञ्चित हुनुपर्नेसमेत हुन जान्छ । जग्गा प्रशासनलाई संवेदनशील प्रशासन मानी सोहीअनुसार कार्यविधि निर्धारण गरी व्यवस्थित किसिमले सञ्चालन गर्नुपर्दछ । जग्गा दाखिल खारेजलगायतका कार्यहरूका सम्बन्धमा बेलाबेलामा मालपोत कार्यालयहरू विवादमा परेको पाइन्छ । कार्यालयबाट हुने विकृतिलाई कमी गराउनमा कार्यविधिको ठूलो हात रहन जान्छ । सरल र स्पष्ट कार्यविधि र चुस्त प्रशासनद्वारा जनताले छिटो छरितो सेवासमेत प्राप्त गर्न सक्ने ।

मन्त्रालय तथा विभागको निर्णय एवम् परिपत्रद्वारा जग्गा प्रशासनलाई व्यवस्थित गराउन गरिएको मन्त्रालयको निर्णय र सोलाई कार्यान्वयन गर्न गरिएको परिपत्रले निवेदकले उल्लेख गरेजस्तो आम नागरिकको सम्पत्तिसम्बन्धी अधिकारमा आघात परेको मान्न नसकिने ।

निवेदकले मन्त्रालयको निर्णय तथा विभागको परिपत्रले पेसा रोजगार गर्ने अधिकारमा अङ्कुश लगाएको भनी निवेदनमा उल्लेख गर्नुभएकोतर्फ हेर्दा निर्णयमा भएका कुनै पनि कुरामा लेखापढी व्यवसायीको व्यवसायलाई असर पर्ने कुरा लेखिएको देखिँदैन । लिखत सोही दिन पारित गर्ने नगर्ने कुराले व्यवसायीको पेसामा असर पर्ने भन्ने देखिन नआउने ।

टोकन प्रणालीबाट काम कारवाही गर्दा कार्यालयका कर्मचारीलाई कार्य सम्पादन गर्न सरल हुन जाने तथा सेवाग्राहीलाई सेवा लिनसमेत सरल हुन जाने देखिँदा टोकन प्रणालीलाई समेत अन्यथा भन्न सकिने स्थिति देखिँदैन । निवेदकले मन्त्रालयको निर्णयले लेखापढी व्यवसायीको कुन पेसा गर्ने अधिकार कसरी हनन् हुन गयो स्पष्ट खुलाएकोसमेत नदेखिने ।

जग्गा प्रशासनलाई व्यवस्थित, मर्यादित, सरल, नियमित बनाउन मन्त्रालयद्वारा छानबिन समितिको प्रतिवेदनअनुसार जग्गा प्रशासनलाई सुधार गर्न चालिएको प्रयासलाई आम नागरिकको सम्पत्तिको अधिकार एवम् लेखापढी व्यवसायीको पेसा गर्ने अधिकारमा आघात पारेको भनी मान्न नसकिने हुँदा निवेदकको निवेदन मागबमोजिमको उत्प्रेषण परमादेशको आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामप्रसाद पौडेल

इति संवत् २०७१ साल चैत १० गते रोज ३ शुभम् ।

८

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०–WO–०२८९, उत्प्रेषण/परमादेश,

*मीरा चौधरीसमेत वि. कमला चौधरीसमेत*

निवेदनलाई सङ्क्षिप्त कार्यविधि ऐनको व्यवस्थाबमोजिम जारी भएको म्यादबाट कुनै असर परेकोसमेत देखिँदैन । सङ्क्षिप्त कार्यविधि ऐनबमोजिम जारी भएको म्यादमा नै निवेदकले प्रतिउत्तर फिराएको भन्ने कुरा निवेदकले निवेदन जिकिरमा नै स्वीकार गरेको देखिन्छ । सामान्य कार्यविधि होस् वा सङ्क्षिप्त कार्यविधि होस् मुद्दाका पक्षले एकपटक आफैँले प्रतिवाद गरिसकेपछि पुनः कार्यविधि कानूनको त्रुटि भएको भन्ने आधारमा रिट जारी हुन सक्ने अवस्था हुँदैन । त्यस्तो अवस्थामा विचाराधीन मुद्दालाई असर पर्ने गरी रिट जारी गर्न मिल्ने अवस्थासमेत नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल चैत १५ गते रोज १ शुभम् ।

९

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९–WO–१२८४, उत्प्रेषण/परमादेश, *मोहन प्रकाश चन्द वि. नेपाल खाद्य संस्थान प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौंसमेत*

माग गरिएको कार्यालयमा बस्न पाउनेमा सोको अवधि व्यतित भएको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य नदेखिदाँ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः रूपा महर्जन

इति संवत् २०७१ साल माघ २५ गते रोज १ शुभम् ।

१०

**मा.न्या. श्री गोपाल पराजुली र मा. न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०–WO–०७८७, उत्प्रेषण / परमादेश, *दिपेन्द्र पुर्वे सुडी वि. प्रेमचन्द्र बाजपेयीसमेत*

दीपेन्द्र पूर्वेसँग ऋण लिने यी विजयचन्द्र वाजपेयी घरको व्यवहार चलाउने मुख्य व्यक्ति हुन् भन्ने मिसिलबाट देखिँदैन भने ऋण लिँदाको अवस्थामा अरू अंसियारहरूलाई साक्षी राखेकोसमेत देखिँदैन । विजयचन्द्र वाजपेयीको नाममा आएको सम्पत्तिबाट दीपेन्द्र पूर्वे सुडीले बिगो भराई लिन पाउने नै हुँदा अन्य अंसियारको अंश हक लाग्ने सम्पत्तिबाट भराउन मिल्दैन । ऋणको दायित्वको कसले बहस गर्ने हो भन्ने सम्बन्धमा अंश मुद्दाबाट उचित निकास दिन मिल्ने देखिएकाले लेनदेन व्यवहारको ८ नं. प्रतिकूलमा ऋणमा सबै अंसियाराहरूलाई ऋणको दायित्व व्यहोर्न पर्ने अवस्था नहुँदा मागबमोजिमको उत्प्रेषणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल चैत १५ रोज ०१ शुभम् ।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९–WO–००२१, उत्प्रेषण परमादेश, *सूर्यबहादुर पाण्डे वि. काठमाडौं उपत्यका खानेपानी बोर्ड, बुद्धनगर काठमाडौंसमेत*

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड कर्मचारी प्रशासन नियमावली, २०६४ को नियम २३(२) मा रहेको कार्यकारी समितिले बोर्डलाई आवश्यक पर्ने कर्मचारीहरू कार्य सम्पादनमा आधारित करार (Performance Based Contract) मा नियुक्ति गर्नसक्ने भन्ने प्रावधानबमोजिम निवेदकलाई मिति २०६६/११/०३ देखि लागू हुने गरी कार्य सम्पादन सेवा करारमा नियुक्ति गरिएको भन्ने देखिन्छ । मिति २०६६/११/०४ को कार्य सम्पादन सेवा करार सम्झौताको सर्त नं. ३ मा करार सेवा अवधि सम्झौता भएको मितिले ३ वर्षको लागि हुनेछ भन्ने प्रावधान भएकाले निवेदकले करारले पाउने नियुक्तिको अवधि मिति २०६९/११/०३ मा समाप्त भैसकेको अवस्था देखिँदा मिति २०६६।११।०४ को कार्य सम्पादन सेवा करार सम्झौताले पाउने नियुक्तिको

अवधि मिति २०६९।११।०३ मा समाप्त भएकाले प्रस्तुत निवेदनको औचित्य नै नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल माघ २५ गते रोज १ शुभम्।

१२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-०४३४, ०५४३, अंश दर्ता, *गंगोत्रीदेवी ब्राह्मणसमेत वि. प्रियङ्कादेवी मिश्रसमेत, मृत्युन्जयकुमार मिश्र वि. प्रियङ्कादेवी मिश्रसमेत*

प्रतिवादीले अन्यत्र गै बसेको भने पनि सम्बन्ध विच्छेदका लागि मिति २०५९।०८।०२ मात्र निवेदन दिएको र वादीहरूले अंश लिएको नदेखिएको साथै अंश पाउनु पर्ने भनी पुनरावेदकले स्वीकार गर्नुका साथै मिति २०६१।२।७ मा मात्र अदालतबाट सम्बन्ध विच्छेद हुने गरी फैसला भएबाट यी वादीहरू मिति २०५९।०८।०२ सम्म आफ्ना बाबु लोग्नेका मूल अंशियाराहरू समेतका साथमा नै रहे भएको मान्नुपर्ने हुन आउँछ। यसरी अंश नलिई मूल अंसियारसित सँगै बसेका यी वादीहरूले आफ्ना बाबु लोग्नेले तत्काल सगोलमा रहे भएको सगोल सम्पत्तिबाट ५ भागको १ भाग अंश पाउने र सो १ खण्डबाट प्रत्यर्थी वादीहरूको विवाह खर्च परसारी ४ खण्डको ३ खण्ड अंश पाउने नै देखियो। यस अवस्थामा वादीले अंश मुद्दा परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी अंश पाउँ भने पनि व्यवहार प्रमाणबाट यी वादीसित सम्बन्ध विच्छेदको लागि निवेदन परेको मितिलाई नै मानो छुट्टिएको मान्नु पर्ने हुन आएकाले हामीले अंश दिनु पर्ने हैन प्रतिवादी मृत्युञ्जयकुमार मिश्रले दिएको अंश मुद्दामा मिति २०६४।७।१२मा भएको मिलापत्रबाट प्रतिवादी मृत्युञ्जय कुमारले पाएको भागबाट मात्र अंश पाउने हो भन्ने प्रतिवादीहरूको जिकिरसित सहमत हुन सकिएन। तसर्थ सुरूले मिति २०६४।७।१२ मा भएको मिलापत्रबाट पाएको अंश भागबाट मात्र यी वादीहरूले अंश पाउने ठहर्याई भएको फैसला केही उल्टी गरी पुनरावेदन प्रतिवादी मृत्युञ्जयकुमार मिश्रले प्रत्यर्थी वादीसित सम्बन्ध विच्छेदको लागि निवेदन दिएको मिति २०५९।०८।०२ लाई मानो छुट्टिएको मिति कायम गरी सो मितिसम्म सगोलमा रहेको अंसियारहरूको सम्पूर्ण सम्पत्तिबाट ५ भाग लगाई प्रतिवादी मृत्युञ्जयकुमार मिश्रले पाउने १ भागबाट विवाह खर्च परसारी ४ भाग लगाई ३ भाग यी वादीहरूले अंश पाउने ठहर्याएको पुनरावेदन अदालत, हेटौँडाको मिति २०६९।१०।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदन प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ:

- ०७०-CI-०४३५, फैसला बदर मृत्युञ्जयकुमार मिश्र वि. प्रियङ्कादेवी मिश्र
- ०७०-CI-०४३६, ०५४४, गंगोत्रीदेवी ब्राह्मणसमेत वि. प्रियङ्कादेवी मिश्रसमेत, मृत्युञ्जयकुमार मिश्र वि. प्रियङ्कादेवी मिश्रसमेत
- ०७०-CR-५३९, जालसाजी, *मृत्युञ्जकुमार मिश्र वि. प्रियङ्कादेवी मिश्र*

१३

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०–WO–०५२२, उत्प्रेषण परमादेश, *अधिवक्ता मनोहर साह वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत*

प्रस्तुत रिट निवेदनमा मिति २०७०।१०।२२ गते देखि सञ्चालन हुने स्नातकोत्तर तह द्वितीय वर्षको परीक्षामा सम्मिलित हुन पाउँ भन्ने नै रिट

निवेदनको मुख्य निवेदन माग दाबी रहेकामा मिति २०७०।१०।२२ को अन्तरिम आदेशपछि यी निवेदक परीक्षामा समावेस भैसकेको भन्ने निवेदन र विपक्षीका बीच मुख मिलेको अवस्था भएको र परीक्षामा समावेश भैसकेका यी निवेदकको अब हुने परीक्षाफललगायत अन्य विषयमा कानूनबमोजिमको प्रक्रिया अघि बढ्ने हुँदा रिट निवेदनको औचित्यमा प्रवेश गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल फागुन १ गते रोज ६ शुभम्।

१४

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६७–CR–०६१८, जालसाजी, *देवनारायण यादवसमेत वि. रामपुकार यादव*

कानूनले तोकेको प्रक्रिया आधारमा जग्गाको नापजाँच हुँदैन त्यहाँ हात चौकिल्ला भनी गरिएको नापले मान्यता नपाउने हुन्छ। अर्कोतर्फ गाउँ ब्लकका सर्भे नापी नभएका जग्गालाई मान्यता दिँदा कानूनको व्यवस्था पराजित हुन्छ। वैज्ञानिक तरिकाले जग्गाको नापजाँच नगरेको अवस्थामा जग्गाको नापमा सामान्य हेरफेर हुन गएको अवस्थालाई अन्यथा मान्न मिल्ने देखिएन । राजिनामामा रामप्रवोधको निजी बाटो भन्ने उल्लेख भएको र राजिनामा लिखितमा गोरेटो बाटो भन्ने उल्लेख भएकै आधारमा जालसाजी ठहर गर्नु न्यायसङ्गत हुँदैन । विपक्षीहरूलाई जालसाजी गरेकामा सजाय गरिपाउँ भन्ने पुनरावेदनको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

- यसै लगाउको ०६७–CI–०७६७, जग्गा खिचोला चलन, *देवनारायण यादवसमेत वि. रामपुकार यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ६

१

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७–CR–०८३६, जबर्जस्ती करणी, जबरजस्ती चोरी, *दीपक चन्दसमेत वि. नेपाल सरकार*

जबर्जस्ती करणीको वारदातको समयमा पीडितले दिने सहमति स्वेच्छिक हो वा डर त्रास र करकापमा पारी दिएको हो सोसमेत विचार गर्नुपर्ने देखिँदा प्रस्तुत वारदातमा खुकुरी प्रयोगको सन्दर्भ स्थापित भैसकेको अवस्थामा पीडितले करणीको लागि सहमति नै दिएको भएपनि सो सहमतिलाई स्वतन्त्र सहमति मान्न नसकिने।

जबर्जस्ती करणीको महलको १ नं. ले उमेर पुगेका महिला र पुरूषबीचको सहमतिको करणीलाई जबर्जस्ती करणीको अपराध नमानेको भए तापनि सोही महलको स्पष्टीकरण खण्डले डर, त्रास, इत्यादि सिर्जना गरी लिएको मन्जुरीलाई मन्जुरी नमानिने भनी स्पष्ट रूपमा खण्डित गरेको देखियो। वारदातको समयमा पीडितसँग साथमा रहेका साथीहरूलाई वारदातस्थलबाट भगाउन खुकुरीको प्रयोग भएको अवस्थामा यी पीडितसँग करणीको सहमति लिनका लागि प्रतिवादीहरूबाट उक्त खुकुरी प्रयोग भएन भनी मान्न नसकिने।

आफू खुकुरी प्रयोग हुन सक्ने सम्भावित जोखिमबाट बच्न यदि पीडितले सहमति नै दिएको भए पनि त्यसलाई करणीको लागि सहमति दिएको भनी मान्न सकिएन । कानूनअनुसार पनि उक्त सहमतिले वैधानिकता पाउन सक्ने नदेखिने।

हाम्रो सामाजिक मूल्य मान्यता हिन्दू सभ्यता र संस्कारबाट विकसित भएको अवस्थामा महिलाको सवाल सामाजिक रूपमा अत्यन्त संवेदनशील रहेको मानिन्छ। सामाजिक लोकलाजका कारण गोप्यरूपमा कुनै महिला तथा पुरूषले यौन सम्बन्ध कायम गर्ने

गरे तापनि सङ्कुचित यौन विचारधारा रहेको हाम्रो समाजमा खुलमखुल्ला रूपमा जाहेरवालीले आफ्नो सामाजिक प्रतिष्ठाको समेत विचार नै नगरी सार्वजनिक स्थलमा चारचार जना पुरूषलाई एकैपटक करणी गर्न स्वेच्छिक मन्जुरी दिएकी होलिन् भनी मान्न नसकिने।

पश्चिममा सभ्यता र संस्कारको जस्तो यौनखुलापनको मान्यता अवलम्बन नगरिएको सामाजिक पृष्ठभूमिमा ग्रामीण परिवेशमा हुर्केकी जाहेरवालीले आफ्नो स्वेच्छिक मन्जुरीले एकभन्दा बढी पुरूषलाई एकै समयमा करणीको लागि सहमति दिएको होलान् भनी अनुमान गर्नु सामान्य रूपमा प्रयोग गरिने विवेकभन्दा बाहिरको देखिन आयो । यसरी विवेकसम्मतरूपमा समेत अनुमान नै गर्न नसकिने तथ्य समावेश भएको प्रस्तुत वारदातमा पुनरावेदनले जिकिर गरेजस्तो करणी सहमतिमा भएको पाइएन । यसरी सहमतिबिना गरिएको करणीलाई जबर्जस्ती करणी नै मान्नुपर्ने देखिन आउने।

प्रतिवादीहरूबाट भएको करणी जबर्जस्ती करणीको वारदात भन्ने तथ्य स्थापित भएको परिप्रेक्ष्यमा उक्त करणी सामुहिक रूपमा भएको हो, होइन भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा सामुहिक शब्दका सम्बन्धमा नेपाली बृहत शब्दकोषमा रहेको अर्थ हेर्दा "कुनै काम पूरा गर्नका लागि समूहमा एकत्र भै गरिने प्रयास" भन्ने उल्लेख भएको देखिन्छ । त्यसैगरी जबर्जस्ती करणी शब्दलाई "इच्छाका विरूद्ध वा बलात्कारपूर्ण (जस्तो जबर्जस्ती करणी, जबरजस्ती हातपात आदि) सम्भोग भनी अर्थ गरेको पाइन्छ । यसरी फरकफरक रूपमा उल्लिखित शब्दहरूको सारलाई हेर्दा सामुहिक जबर्जस्ती करणी भन्नाले सम्भोग कार्यका लागि समूहमा एकत्र भै कसैको इच्छा विरूद्ध गरिएको बलात्कारपूर्ण कार्य भनी अर्थ गर्न मिल्ने देखियो । मुलुकी ऐनमा सामुहिक जबर्जस्ती करणीको परिभाषा नगरिएको भए तापनि सामुहिक रूपमा जबर्जस्ती करणी गर्नेलाई थप सजाय गर्ने गरी जबर्जस्ती करणीको महलको ३क नं. मा व्यवस्था गरेको पाइन्छ । यसरी हेर्दा सामुहिक जबर्जस्ती करणी एक व्यक्तिले गर्ने जबर्जस्ती करणीभन्दा गम्भीर किसिमको अपराधको रूपमा देखिन आउने।

करणी गर्दाको बखत एकजनाभन्दा बढीको सामुहिक संलग्नता रहेको तथ्य निर्विवाद रूपमा स्थापित भएको र करणी स्वेच्छिक नभई जबरजस्ती भएको पुष्टि भएको अवस्थामा प्रतिवादीहरूबाट भएको कार्य सामुहिक जबर्जस्ती करणीको वारदातको रूपमा रहेको देखिन आउने।

पीडितको स्वेच्छाविपरीत घटनामा संलग्न पुनरावेदक प्रतिवादीहरूले एकै समयमा पालैपालो करणी गरेको तथ्य शङ्कारहित रूपमा स्थापित भएको अवस्थामा सुरू फैसला केही उल्टी गरी पुनरावेदन प्रतिवादीहरूलाई सामुहिक जबर्जस्ती करणीतर्फ थप सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

माथिका प्रश्नहरूमा विवेचित आधार र कारण समेतबाट जबर्जस्ती करणीको महलको ३ नं. बमोजिम प्रतिवादीहरू चारै जनालाई ५ को देहाय जनही ५।५ वर्ष मात्र कैद सजाय गरी निजहरूबाट पीडितलाई क्षतिपूर्तिसमेत भराइदिने ठहर गरेको सुरू फैसला केही उल्टी गरी पुनरावेदन प्रतिवादीहरूलाई उल्लिखित सजायको अतिरिक्त ऐ. महलको ३(क) नं. बमोजिम जनही थप ५।५ वर्ष कैद सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।१०।१९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदन प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल जेठ १८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९–WO–०५०१, उत्प्रेषण/परमादेश, *छिरङ तामाङ वि. विरे तामाङसमेत*

फैसलाको ठहर खण्डमा उल्लेख भएअनुसार

फैसला कार्यान्वयनको कार्यअगाडि बढेकामा सोउपर रिट निवेदकले तहतह निवेदन दिएको भए तापनि फैसला कार्यान्वयनको कार्य रोक्ने गरी आदेश भएको पाइँदैन । मिसिल संलग्न अंश चलन मुद्दामा रहेको कागज प्रमाणहरूको अध्ययन गर्दा अंश चलन मुद्दामा भएको निर्णयको ठहर खण्डमा २ भागको एक भाग अंश वादीले पाउने भन्ने उल्लेख भएको देखिँदा उक्त मुद्दामा भएको अन्तिम निर्णयको मूल मर्मभन्दा बाहिर गै फैसला कार्यान्वयन हुन लागेको देखिन नआउने।

फैसला कार्यान्वयन मुद्दाका पक्षले मुद्दामा अन्तिम निर्णय भएपश्चात् आफ्नो हक स्थापित गराउन अपनाउने न्यायिक उपायको रूपमा रहेको हुन्छ । एकपटक मुद्दामा अन्तिम निर्णय भएपश्चात् पक्षले पुनः त्यसमा अलमालिन नपरोस् र नयाँरूपमा मुद्दा गर्न नपरोस् भनी न्यायिक रोहमा फैसला अन्तिमताको सिद्धान्त (Finality of Judgement) लाई अवलम्बन गरिएको हुन्छ। अन्तिम भएर बसेको फैसलाबाट पक्षले छिटोभन्दा छिटो त्यसमा न्यायिक कार्यान्वयनको अपेक्षा गरेको हुन्छ । पक्षको यस्तो वैध अपेक्षालाई सहयोग गर्नु अदालतको समेत दायित्व हुन्छ। फैसला अन्तिम भएर बस्नुको अर्थ फिरादी अथवा विपक्षीमध्ये कुनै एकको पक्षमा भएको निर्णय अन्तिम भएर बस्नु हो । यसरी अन्तिम भएर बसेको फैसला यस्तो हुनुपर्ने वा नपर्ने भनी रिट क्षेत्रबाट विचार गर्न हामीले अवलम्बन गरी आएको न्यायिक मान्यताका कारणबाट समेत नदेखिने।

अदालतबाट न्यायिक रोहमा तहगत संरचना पार गर्दै अन्तिम वा अभिलेख अदालतबाट न्यायिक निरूपण भैसकेको विषयको ठहर खण्डमा प्रवेश गरी त्यसको भावना प्रतिकूल निर्णय गर्ने न्यायिक अधिकार अदालतले प्रयोग गर्न नसक्ने।

अन्तिम तहको अदालतबाट भएको निर्णयअनुसार हुन लागेको फैसला कार्यान्वयनलाई कानूनविपरीतको कार्य भनी मान्न सकिएन । यसरी फैसला कार्यान्वयन अधिकारीबाट चलन चलाइदिने गरी भएको आदेश बेरीतको नदेखिएको भनी उक्त आदेश सदर गर्ने गरी विपक्षीहरूबाट भएको आदेश कानूनअनुरूप नै देखिँदा निवेदकको दाबीअनुसार उल्लिखित आदेश बदर गर्न रिटक्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने नदेखिने।

माथि विवेचित आधार र कारणबाट अन्तिम भै बसेको अंश चलन मुद्दाको ठहर खण्डको भावनाअनुसार हुन लागेको फैसला कार्यान्वयनसम्बन्धी काम कारवाहीलाई कानूनअनुकूल ठहर गरेको जिल्ला अदालतको आदेश सदर गर्ने पुनरावेदन अदालतको मिति २०६९।७।१६ को आदेशलाई रिट क्षेत्रधिकार प्रयोग गरी बदर गर्न मिल्ने वैधानिक आधार विद्यमान नदेखिँदा निवेदन माग दाबीअनुसार आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल वैशाख १० गते रोज ५ शुभम्।

- यसै लगाउको ०६९–WO–०५५०, उत्प्रेषण/परमादेश, *छिरङ तामाङ वि. विरे तामाङसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

३

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०–WO–०२६४, उत्प्रेषण/परमादेश, *अणनाथ बराल वि. वन तथा भू संरक्षण मन्त्रालयसमेत*

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको मिति २०७०।७।५ को तीन वर्ष बढुवा रोक्कासम्बन्धी पत्रमा अख्तियार दुरूपयोग गरी संरक्षित वन्यजन्तु एकसिङ्गे गैंडाको खाग बिक्री वितरण गरी भ्रष्टाचार गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोबाट लेखी आएअनुसार भन्ने व्यहोरा उल्लेख भएको देखिँदा अख्तियारवालाले ऐनअनुसार प्राप्त आफ्नो अधिकार प्रयोग गरी निवेदकलाई कारवाही गरेको नभई आयोगबाट सजाय किटान भै आएअनुसार

नै कारवाही प्रारम्भ भएको देखियो। यस्तो अवस्थामा उक्त कारवाहीलाई अखितयारवालाले ऐनअनुसार आफूलाई प्राप्त अधिकारको प्रयोग गरी गरेको विभागीय कारवाही भनी मान्न सकिएन। कानूनअनुसार निर्देशन दिने अधिकारको प्रयोग गर्दा आफ्नो अधिकारक्षेत्र नाघी आयोगबाट सजाय नै प्रस्ताव गरी कारवाहीको लागि लेखी पठाएको देखिँदा आयोबाट प्रयोग गरिएको उक्त अधिकारमा अधिकारक्षेत्रात्मक त्रुटि रहेको देखिन आउने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ऐनको दफा १२(१) अनुसार नियमित प्रक्रियाको रूपमा सम्बन्धित अख्तियारवालासमक्ष विभागीय कारवाहीको लागि लेखी पठाउनु पर्नेमा विभागीय सजाय समेत किटान गरी कारवाहीको लागि लेखी पठाएको कार्यमा अधिकार क्षेत्रात्मक त्रुटि देखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६५।१२।२५ को निर्णय र सोही निर्णयका आधारमा निवेदकका हकमा भएका सम्पूर्ण काम कारवाही निर्णय र पत्राचारसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: चन्द्रप्रकाश तिवारी

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल वैशाख १० गते रोज ५ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-००५९, निषेधाज्ञा, *अष्टमान महर्जन वि. तारादेवी बज्राचार्य शाक्यसमेत*

यी पुनरावेदकले काठमाडौं जिल्ला अदालतमा दायर गरेको माथि उल्लिखित खिचोला मुद्दाको फिरादपत्रको प्रकरण १० मा *"पुनरावेदन अदालतको अन्तरिम आदेशसमेत विपरीत विपक्षीले पर्खाल निर्माण कार्य गरी बाटोसमेत खिचोला गरेको हुनाले"* भन्नेसमेत वाक्यांश उल्लेख गरेको देखिएबाट पर्खाल निर्माण कार्य भैसकेको भन्ने देखिन आउँछ । पुनरावेदन अदालतको आदेशविपरीत विपक्षीले त्यसरी पर्खाल निर्माण गरेको भए विपक्षीले अदालतको अपहेलना गरेको भन्नेतर्फ निवेदकले कदम चालेको पनि देखिँदैन। निर्माण कार्य भैसकेको अवस्थामा सो कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गर्नुको औचित्य पनि रहने देखिएन। यसरी विवादको बाटोमा पर्खाल बनाई खिचोला गरेको भन्ने उल्लिखित मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहिरहेको भन्ने देखिएको हुँदा सोही अदालतबाट वादी प्रतिवादीले पेस गरेको सम्पूर्ण प्रमाणहरूको मूल्याङ्कन गरी बाटो खिचोलाको विवाद काठमाडौं जिल्ला अदालतबाटै निरूपण हुन सक्ने नै देखिँदा विवादित कि.नं. ६६८ को जग्गामा पर्खाल निर्माण भैसकेकाले निर्माणको आशङ्काको स्थिति नदेखिएको र यसै विषयमा निवेदकले विपक्षीउपर पर्खाल निर्माण गरी बाटो खिचोला गर्‍यो भन्ने मुद्दा पनि सुरू काठमाडौं जिल्ला अदालतमा दायर गरी विचाराधीन रहिरहेकाले निवेदकले यस निवेदनमा उठाएको विषय काठमाडौं जिल्ला अदालतबाटै निरूपण हुन सक्ने नै हुँदा यस निवेदनबाट उक्त मुद्दामा असर पर्ने गरी कुनै कुरा गर्नु न्यायिक दृष्टिबाटसमेत उपयुक्त नहुने भएकाले यस विषयमा प्रस्तुत निवेदनबाट केही बोलिरहनु पर्ने नदेखिँदा प्रस्तुत निवेदन खारेज गर्ने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।८।७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: वसन्तजङ्ग थापा

इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** २०६९-CI-०८५४, अदालतको अपहेलना, *अजित कुँवर वि. महानगरीय ट्राफिक प्रहरी परिसर, बग्गीखाना काठमाडौंसमेत*

सवारीसम्बन्धी कुनै पनि जाँचबुझ तथा अनुसन्धान गर्ने अख्तियारी कानूनतः ट्राफिक प्रहरीलाई रहेको हुन्छ । सवारी साधनसम्बन्धी कुनै पनि गतिविधिमा निगरानी राख्ने र शङ्कास्पद काम कुरा भए गरेको वा हुन लागेको पाइएमा त्यसमा छानबिन अनुसन्धान तथा नियन्त्रणको निमित्त त्यस्ता शङ्कास्पद गाडीहरू तथा कागजातसमेत आफ्नो कब्जामा लिई आवश्यक कारवाही अगाडि बढाउन सक्ने अधिकार कानूनत: ट्राफिक प्रहरीलाई रहे भएको हुँदा यी पुनरावेदकले प्रयोग गरिरहेको भनिएको शङ्कास्पद गाडी तथा सम्बद्ध कागजातहरू ट्राफिक प्रहरीले थप अनुसन्धान तथा छानबिनको निमित्त नियन्त्रणमा लिएको कार्यलाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिएबाट निवेदन मागदाबीबमोजिम निषेधाज्ञालगायतको आदेश जारी गर्न मिल्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत पाटनले मिति २०६९।६।१७ मा गरेको आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन वादी पुग्न नसक्ने।

इजलास अधिकृत: वसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** २०६९-CI-०९३२, निषेधाज्ञा, *अङ्किता लामिछाने वि. प्रदिप दहालसमेत*

विवादको विषय घरबाट निकाल्न लागेको भन्ने देखिए तापनि मुद्दाको मूल जरिया यी पुनरावेदिका तथा विपक्षीबीच काठमाडौं जिल्ला अदालतमा विचाराधीन नाताकायम मुद्दा नै रहे भएको देखिन आउँछ । यसरी उल्लिखित दुवै पक्षबीच काठमाडौं जिल्ला अदालतमा नाता कायम मुद्दा चली विचाराधीन रहिरहेको भन्ने देखिन आएको स्थितिमा यी पुनरावेदिका तथा विपक्षी प्रदिप दाहालबीचको विवादको निरूपण काठमाडौं जिल्ला अदालतमा विचाराधीन नाता कायम मुद्दाबाट हुने नै हुँदा सुरू पुनरावेदन अदालत पाटनबाट निषेधाज्ञाको रिट निवेदन खारेज हुने ठहर्‍याई मिति २०६९।११।३ मा भएको आदेश मुनासिब देखिँदा सदर हुने ठहर्छ । निवेदिकाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : वसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** २०६८-CI-१३४१, निषेधाज्ञा, *मुजफर अहमद लारी वि. आन्तरिक राजस्व कार्यालय, कञ्चनपुर महेन्द्रनगर*

मिसिल संलग्न कागजात हेर्दा यी निवेदक स्वयम्ले पुनरावेदन अदालत महेन्द्रनगरमा मुल्तवी राखीपाउँ भनी मिति २०६८।६।२९ मा दर्ता गराएको द.नं. ६ को निवेदनको प्रकरण ४ मा "मेरो सम्पत्तिको लिलाम बिक्री कार्य रोक्न नसकिई लिलाम सम्पन्न भएको अवस्था छ" भन्ने उल्लेख भैरहेको देखिँदा विवादित कि.नं. १५४ को जग्गा लिलाम भइसकेको भन्ने देखिन आएको हुँदा लिलामी प्रक्रिया रोक्ने प्रयोजनार्थ प्रस्तुत रिट निवेदन दायर गरिएको हो सो लिलामी क्रिया नै सम्पन्न भैसकेको अवस्थामा प्रस्तुत मुद्दाको औचित्य समाप्त भैसकेको देखिन आयो। यस स्थितिमा पुनरावेदन अदालत, महेन्द्रनगरले यी पुनरावेदकको रिट निवेदन खारेज गर्ने ठहर्‍याएको मिति २०६८।८।१२ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: वसन्तजंग थापा

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** २०६९-CR-०६८०,

अदालतको अपहेलना, *अजित कुँवर वि. साबिक उपत्यका ट्राफिक प्रहरी कार्यालय हाल महानगरीय ट्राफिक प्रहरी महाशाखा, सिंहदरबार काठमाडौंसमेत*

सवारी साधन नियमित जाँच गर्ने अख्तियारी पाएको ट्राफिक प्रहरी निकायले जाँचबुझको क्रममा भेटिएको शङ्कास्पद सवारी साधनको सम्बन्धमा अन्य थप जाँचबुझ र अनुसन्धान गर्न सक्ने नै देखिएको र पुनरावेदन अदालत पाटनबाट मिति२०६९।४।३ मा अन्तरिम आदेश जारी भएपश्चात् निवेदकलाई पक्राउ गर्नेसमेतका कार्य भए गरेको भन्ने पनि देखिन नआएको स्थिति हुँदा विपक्षी ट्राफिक प्रहरी निकायबाट अदालतको आदेशको अवज्ञा गरी अदालतको अपहेलना गरेको मान्न मिल्ने अवस्था देखिन नआएबाट विपक्षीले अदालतको अपहेलना गरेको नठहर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।६।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। अदालतको अपहेलना गरेको ठहर्‍याई विपक्षीहरूलाई सजायसमेत गरिपाउँ भन्ने निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : वसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०६२०, जबर्जस्ती करणी, *संजित राजवंशी, वि. नेपाल सरकार*

पीडक तथा पीडकका बुबाले पीडितालाई रू.२५,०००।- रकम दिने भएको कुरा घटना लुकाउन खोज्न प्रयास गरेकोबाहेक अन्य कुनै कारण नदेखिएको अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबित नरहे पनि पीडितको Hymen च्यातिएको भन्ने कुरा पीडितको यौनाङ्गको परीक्षणबाट स्पष्ट भएको कारण प्रमाणबाट प्रतिवादीले पीडित 'क' लाई जबर्जस्ती करणी गरेको ठहर्‍याई जबर्जस्ती करणी महलको ३(३) नं. बमोजिम कैद वर्ष ६ र जबर्जस्ती करणीको ३(क) नं. बमोजिम थप ५ वर्ष कैद हुने र जबर्जस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीबाट रू.५०,०००।- (पचास हजार) क्षतिपूर्तिसमेत पीडितले भराइपाउने ठहर गरेको सुरू झापा जिल्ला अदालतको मिति २०६६।९।१९ को फैसलालाई सदर हुने ठहर्‍याई भएको मिति २०६७।२।५ मा पुनरावेदन अदालत, इलामबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : देवीकुमारी चौधरी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल जेठ २७ गते रोज ४ शुभम्।

२

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** २०७०-CR-०३१९, डाँका, *नेपाल सरकार, वि. राज भन्ने गीतराज पाख्रिनसमेत*

बरामद भएको सुनको मुन्द्री आफ्नो हो भनी प्रतिवादी मीनबहादुर मोक्तानले अदालतसमक्ष बयान गरेको देखिन्छ। जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा उक्त मुन्द्री पनि डाँका गरी लगेको धनमालमध्येकै हो भनी स्पष्ट रूपमा भन्न सकेको पाइँदैन। बरामद भएका खुकुरी, रडसमेत आफ्नो होइन भनी प्रतिवादीहरूले अदालतसमक्ष गरेको बयानमा लेखाएको देखिन्छ। बरामदी मुचुल्काका व्यक्ति रमेश लामाले चोरी भएको धनमाल र दशीसमेत के के बरामद भएको हो भनी बकपत्रमा सोधिएको प्रश्नको जवाफमा मलाई केही पनि थाहा छैन, घटना भएपछि मात्र थाहा पाएको हुँ भनी बकपत्र गरेको देखिदा अभियोग दाबीको पुष्टाइँ शङ्कारहित रूपबाट हुन सकेको नदेखिने।

उल्लिखित आधार कारणहरूबाट जाहेरी दरखास्त, हुलिया निवेदन र जाहेरवालाको बकपत्रको कथनमा एकरूपता नदेखिई शङ्कास्पद देखिनुको

साथै अनुसन्धानमा बुझिएका व्यक्तिहरूको व्यहोरा निजहरूको बकपत्रसँग बाझिएको, प्रतिवादीहरू अदालतसमक्ष आरोपित कसुर गरेमा इन्कार रहेको देखिन्छ । निजहरूले प्रहरीमा गरेको साबिती बयान स्वतन्त्र एवम् शङ्कारहित प्रमाणबाट समर्थित भएको देखिदैन भने बरामद भएको सुनको मुन्द्रासमेत डाँका चोरी भएको थियो भनी जाहेरवालाले बकपत्र गर्दा स्पष्ट रूपमा भन्न सकेको पाइएन । प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने भन्ने कानूनी व्यवस्था भएकामा सोबमोजिम वादी पक्षले प्रतिवादीहरूले आरोपित कसुर गरेको दाबी वस्तुनिष्ठ रूपबाट प्रमाणित गर्ने प्रमाण पेस गर्न नसकेको अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेत रहेका हुँदा सुरू ललितपुर जिल्ला अदालतले प्रतिवादीहरूलाई सफाइ दिने गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।११।१७ को फैसला मिलकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल असार ७ गते रोज २ शुभम् ।

## एकल इजलास

१

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ,** ०७१-WO-०६४६, उत्प्रेषण/परमादेश, *अजयकुमार यादवसमेत, वि. पुनरावेदन अदालत जनकपुरसमेत*

सर्लाही जिल्ला अदालतबाट मिति २०७०।११।१० मा भएको बन्डा मुचुल्कामा वादी प्रतिवादीलाई नरमगरम मिलाई गोलाप्रथाद्वारा बन्डा गरेको देखिएको र यी निवेदक सो बन्डा मुचुल्का हुँदा उपस्थित रहे पनि सहीछाप गर्न अस्वीकार गरेको भन्ने व्यहोरा बन्डा मुचुल्काबाट देखिएको स्थितिमा सो बन्डा मुचुल्का कानून विपरीतको देखिन नआउने हुँदा निवेदनमा उल्लिखित बन्डा मुचुल्का रीतपूर्वकको देखिएको र रीतपूर्वकको बन्डा मुचुल्काबाट निवेदकको कुनै किसिमको कानूनी अधिकारमा प्रतिकूल असर परेको भन्न नमिल्ने हुँदा फैसला कार्यान्वयनमा अवरोध हुने गरी निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । निवेदकको निवेदन खारेज हुने ।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल फागुन ८ गते रोज ६ शुभम् ।

२

**मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७१–WO–०९८१, परमादेश, *अशोककुमार साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कानूनी त्रुटिमा मात्र रिट जारी हुन्छ । कानूनले निवेदकलाई संरक्षण नदिएको कार्यबाट कसैको हक हनन् भएको मान्न नमिल्ने ।

निवेदकको माग हेर्दा निम्न माध्यमिक विद्यालय द्वितीय श्रेणीमा नियुक्ति पाई हालसम्म अविच्छिन्नरूपमा ११ वर्षभन्दा बढी समयसम्म सेवा गरिरहेको र उक्त निम्न माध्यमिक विद्यालय द्वितीय श्रेणीलाई माध्यामिक विद्यालय तृतीय श्रेणीमा परिणत गर्नु गराउनु पर्नेमा विपक्षीहरूले हालसम्म पनि सो नगरेको हुँदा मा.वि . तृतीयमा परिवर्तन गर्नु गराउनु भनी शिक्षा विभागको मिति २०६१।११।२० र क्षेत्रीय शिक्षा निर्देशनालय मध्य पश्चिमाञ्चल सुर्खेतको मिति २०६१।१२।२ को पत्रहरू हवाला दिई मा.वि. तृतीयमा परिणत गर्नको लागि परमादेश माग गरेको देखिन्छ । ती पत्रहरू हेर्दा ती पत्र मुद्दा मामिलासम्बन्धी बाध्यात्मक निर्णय नभएका र ती पत्रहरूमा आवश्यकताअनुसार परिवर्तन गर्नु पर्ने भएमा" भन्नेसम्मको वाक्यांश रहेकाले त्यसलाई कानूनको संज्ञा दिई त्यस आधारमा परमादेश जारी हुने अवस्था देखिएन । साथै पत्रको मिति र निवेदकले रिट निवेदन दिएको मितिमा चानचुन १०$^{1/2}$ वर्षको फरक देखिँदासमेत विपक्षीहरूबाट कारण देखाउ आदेश माग गर्नु परेन । प्रस्तुत रिट

निवेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असार ११ गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७१–WO–०८८४, उत्प्रेषण/परमादेश, *तेजनारायण सिंह राजपुत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

विभागको मिति २०७१।१०।१४ को निर्णयमा कानूनका केही झिनामसिना रीत नपुगेको भए पनि त्यसबाट निवेदकलाई अन्याय परेको भन्न मिल्दैन । रिट उपचारको व्यवस्था संविधानले प्रदान गरेको संवैधानिक व्यवस्था भएपनि यसको जग समन्याय भएको कुरा नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७ को उपधारा (२) मा रहेको सो प्रयोजनको लागि पूर्णरूपमा न्याय गरी उचित उपचार प्रदान गर्न भन्ने वाक्यांशबाट स्पष्ट हुन्छ । यसमा कानूनको छिन्द्रावेषण भन्दा पनि न्यायलाई महत्त्व दिइन्छ । उक्त वाक्यांश र यस अदालतले अवलम्बन गरेको रिटसम्बन्धी प्रचलन र पद्धतिअनुसार कुनै निर्णय र आदेशमा कानूनी त्रुटि देखिनु रिट जारी हुने एक आधार हुन सक्ने भए पनि निवेदकको आचरण, विपक्षीलाई पर्ने मर्का, सामाजिक न्याय, समाजमा पर्ने प्रभाव, हकदैया आदि विभिन्न तत्त्वलाई विचार गरेर मात्रै रिट आदेश जारी हुने वा नहुने कुराको निरूपण हुने कारणबाट रिट उपचारलाई समन्यायमा आधारित अदालतको तजबीजमा जारी हुने उपचार भनिन्छ । मकवानपुर भनेको निवेदकको घर बारा जिल्ला भन्दा ३ घण्टाको दूरीमा रहेकाले उक्त सरूवाबाट निवेदक ऐन र नियमले तोकेको सुविधाबाट वञ्चित भएको भन्न नमिल्ने, निवेदकको सरूवासम्बन्धी समग्र अभिलेखको विचार गर्दा प्रस्तुत विषयमा निवेदकलाई अन्याय परेको अवस्था नरहेको र सरूवा आदि कुरा स्थायी प्रकृतिका नभै त्यसलाई विभागले आवश्यकतानुसार उपयुक्त पात्रको लागि उपयुक्त समयमा मिलाउन सक्ने नै हुँदा अदालतले सोझै हात हाल्नु नीतिगत हिसाबले पनि उपयुक्त नभएकाले विपक्षीहरूबाट कारण देखाउ आदेश माग गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल जेठ २५ गते रोज २ शुभम् ।

## रीत/बेरीत आदेश

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-AP-००६७, भ्रष्टाचार, *मोहनबहादुर रसाइली वि. नेपाल सरकार*

निवेदक प्रतिवादीलाई फैसला कार्यान्वयनको सिलसिलामा पक्राउ परी थुनामा रहेको अवस्थामा अ.बं. १९४ नं. को सुविधा प्रदान गर्न नमिल्ने भनी सहरजिस्ट्रारबाट २०७२।५।२३ मा आदेश भएको देखियो । फैसला कार्यान्वयनको सिलसिलामा पक्राउ परेको अवस्थामा मुलुकी ऐन, अ.बं. १९४ नं. को सुविधा नपाउने भनी व्यवस्था भएको नदेखिएको एवम् यिनै निवेदकले दायर गरेको पुनरावेदनसमेत दर्ता भई कारवाहीयुक्त अवस्थामा रहेको देखिएकाले अ. बं. १९४ नं. को सुविधा नपाउने भनी सहरजिस्ट्रारबाट भएको उक्त आदेश नमिलेकाले बदर गरिदिएको छ । पुनरावेदनको किनारा नभएसम्म निवेदकलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १९४ नं. को सुविधा प्रदान हुने ।

इति संवत् २०७२ साल असोज १३ गते रोज ४ शुभम् ।